# फोहोरमैला व्यवस्थापनमा केन्द्रित शहरी सरसफाइ र स्वच्छताको लागि सामाजिक व्यवहार परिवर्तन संचार रणनीति

सुखी, स्वस्थ्य शहर... *मेरो खडक, मेरो पहिचान ।*

खडक नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी, मधेश प्रदेश

## सामाजिक व्यवहार परिवर्तन र संचार रणनीति बारे

खडक नगरपालिकाद्वारा तयार तथा अनुमोदन गरिएको यो सामाजिक व्यवहार परिवर्तन संचार रणनीति योजनाले सामाजिक व्यवहार परिवर्तन संचार रणनीति कार्यान्वयन गर्न र शहरी सरसफाइ, स्वच्छता र फोहोरमैला व्यवस्थापनमा सुधार गर्ने र अन्ततः खडकलाई सुखी, स्वस्थ शहर बनाउने रणनीतिक निर्देशनहरू प्रदान गर्दछ ।


- **एस्.एन्.भी नेपाल**
  बाङ्देल मार्ग
  सानेपा हाइट, ललितपुर
  टेलिफोनः ९७७-१-५५२३४४४

- **मित्र समाज**
  कपनमार्ग
  माहाराजगंज, काठमाडौं, नेपाल
  टेलिफोनः ९७७-१-४३७०१५१
  इमेलः info@mitrasamaj.org

# विषय सूची


१. परिचय ........ ४

१.२. खडक नगरपालिकामा खाने पानी सरसफाइ प्रर्बद्धन कार्यक्रमको लक्ष्यहरु ........ ५
१.३. सुशासन र उचित वातावरण ........ ५
१.४. सामाजिक व्यवहार परिवर्तन संचारको औचित्य ........ ५
१.५. रणनीतिक क्षेत्रहरू ........ ६

२. सामाजिक व्यवहार परिवर्तन संचार रणनीति ........ ७

२.१. लक्ष्य र उद्देश्य ........ ७
२.२. केन्द्रिकृत क्षेत्रहरू ........ ८
२.३. लक्षित वर्ग ........ ९
२.५. सरोकारवालाहरुको भूमिकाको विश्लेषण ........ १०

३. सुखी, स्वस्थ शहरः  सामाजिक व्यवहार परिवर्तन संचार रणनीतिको खाका ........ १३

३.१. रणनीतिक केन्द्रिकृत क्षेत्र १ः फोहोरमैला व्यवस्थापन ........ १४
३.२. रणनीतिक केन्द्रिकृत क्षेत्र २ः महिनावारी स्वच्छता व्यवस्थापन सहित साबुन पानीले हात धुने ........ १७
३.३. रणनीतिक केन्द्रित क्षेत्र ३ः मानवजन्य मलमूत्रको व्यवस्थापन ........ १९
३.४. रणनीतिक केन्द्रिकृत क्षेत्र ४ः शौचालयमा पहुँच ........ २१
३.५. रणनीतिक क्षेत्र ५ः नीति निर्माण र प्रशासन ........ २४

४. रचनात्मक रणनीति ........ २५

४.१ सृजनात्मक प्रकृया ........ २५
४.३. रचनात्मक दिशानिर्देश ........ ३५
४.४. रचनात्मक ढांचा अनुसारको कार्यक्रम तथा क्रियाकलापहरु ........ ३९

५. कार्यान्वयन योजना ........ ४१

६. गुणस्तर र कार्यान्वयन योजनाको अनुगमन ........ ४६

६.१ अनुगमन ........ ४६
६.२ मूल्याङ्कन र पुनः योजना ........ ४६


# १. परिचय

खानेपानी सरसफाइ र स्वच्छता (वास) नीति, दिशानिर्देश, ऐनहरूको तर्जुमा र कार्यान्वयनसँगै वासमा नेपालले उल्लेखनीय प्रगति गरेको छ । नेपाल सरकारले सन् २०३० सम्म दिगो विकासका लक्ष्य नं. ६ (विषेशगरी ६.२) हासिल गर्न प्रतिबद्धता जनाएको छ। महिला र बालिका र जोखिममा परेका व्यक्तिहरूको आवश्यकतालाई विशेष ध्यान दिँदै सन् २०३० सम्ममा सबैका लागि पर्याप्त र समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुल्ला रुपमा दिसा गर्ने चलनको अन्त्य गर्ने दिगो विकासका ६.२ ले कल्पना गरेको लक्ष्य प्राप्तिका लागि वास क्षेत्रीय योजना (२०१६-२०३०) तर्जुमा गरिएको छ। क्षेत्रीय योजनाले सुरक्षित, पर्याप्त, पहुँचयोग्य, सर्वसुलभ र स्वीकार्य खानेपानी, सरसफाइ र स्वच्छता (वास) सेवाहरू कुनै पनि बेला, कहीं पनि र सबैतिरबाट नेपालीहरूको जनस्वास्थ्य र जीवनस्तरमा सुधार ल्याउने लक्ष्य राखेको छ।

नेपालको संविधानले आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवा प्रदान गर्ने दायित्व स्थानीय सरकारलाई अधिकारको रुपमा दिएको छ । यसका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विशेष अधिकार कार्यान्वयन गर्न स्थानीय तहलाई कानूनी अधिकार पनि प्रदान गरेको छ । यसै संवैधानिक र कानूनी व्यवस्था अनुसार नेपाल सरकारको खानेपानी, सरसफाइ र स्वच्छताको लक्ष्य बमोजिम खडक नगरपालिकाले यो रणनीति योजना तर्जुमा गरी अनुमोदन गरेको छ । यस रणनीतिले नगरपालिकालाई खुला दिसामुक्त क्षेत्रको पहिचान कायम राख्न, नगरवासी कसैलाई पनि खानेपानी, सरसफाइ र स्वच्छताका सेवाबाट बञ्चित नबनाउन, नगरपालिकामा सरसफाइको सुरक्षित व्यवस्थापन गर्न र नगरपालिकाको उत्थानशीलतालाई सुदृढिकरण गरी खडक नगरपालिकालाई **सुखी, स्वस्थ शहर** बनाउन मार्गदर्शन दिनेछ ।

## १.१. खडक नगरपालिकाको परिचय

आर्थिक वर्ष २०७३/७४ मा स्थापना भएको खडक नेपालको प्रदेश २ मा अवस्थित सप्तरी जिल्लाको एउटा नगरपालिका हो । आठ वटा छुट्टा-छुट्टै गाँउ विकास समितिलाई समेटेर बनेको यो नगरपालिका क्षेत्र अन्तर्गत ११ वटा वडाहरू रहेका छन् । यो नगरपालिका नेपालको पूर्व-पश्चिम राजमार्गसँग जोडिएको छ । नगरपालिकाको कार्यालय सप्तरी जिल्लाको कल्याणपुर बजारमा अवस्थित छ ।




चित्र १: नगरपालिकाको नक्शा

## १.२. खडक नगरपालिकामा खाने पानी सरसफाइ प्रर्बद्धन कार्यक्रमको लक्ष्यहरु

खडक नगरपालिकाले दिगो, सुरक्षित सरसफाइ र अपाङ्गता समावेशी सेवा लगायतका सुधारात्मक अभ्यासहरूमा पहुँच मार्फत समुदायको स्वास्थ्य र जीवनस्तरमा सुधार ल्याउने लक्ष्यका साथ SNV नेपालको प्राविधिक सहयोगमा WASH-SDG कार्यक्रम संचालन गर्दै आएको छ ।

यस कार्यक्रमको तीनवटा मुख्य रणनीतिक उद्देश्यहरू रहेका छन्, १. सुधारिएको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवा र अभ्यासहरूको माग बढाउने; २. सेवाहरूको गुणस्तर सुधार गर्ने; र ३. वास क्षेत्रको सुशासन सुधार गर्ने । साथै प्रत्येक मुख्य रणनीतिमा लैङ्गिक र समाजिक समावेशीकरणलाई पनि एकिकृत गरिएको छ ।

कार्यक्रमले मानवजन्य मलमूत्रको व्यवस्थापनको लागि नगरपालिकाले सञ्चालन गरिरहेको दिसा जन्य लेदो व्यवस्थापनको उचित व्यापारिक मोडल तथा योजनामा निर्माण गरी सेवाको दिगोपनाका लागि सहयोग गरेको छ । साथै निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गरी लगानीबाट फाइदा लिन सकिने उपायहरू अनुसरण गर्न स्थानीय अधिकारीहरूसँग प्रत्यक्ष कार्य गर्ने लक्ष्य निर्धारण गरेको छ ।

## १.३. सुशासन र उचित वातावरण

खडक नगरपालिकाले आफ्नै शहरी सरसफाइ योजना बनाएको छ, जसमा नगरको सरसफाइ विकासका लागि परिकल्पना, लक्ष्य र कार्यक्रमका क्षेत्रहरू र रणनीतिहरू समावेश गरिएका छन् । यसका साथै खडक नगरपालिकाले एउटा व्यवहार परिवर्तन संचार रणनीतिको पनि मस्यौदा तयार गरेको छ, जसलाई यसअघि नै अनुमोदन गरि सकिएको छ । यो मस्यौदा नगरमा पूर्ण सरसफाइ र स्वच्छतालाई अगाडि बढाउन सहायक हुनेछ । यस्ता विद्यमान कानूनी ढाँचा र नगरपालिका भित्रको संस्थागत व्यवस्थापनले सक्षम नीति र काम गर्ने वातावरणको साथै सरोकारवालाहरूको प्रतिबद्धता र संलग्नता सृजना गरेको छ ।

खडक नगरपालिकामा गुणस्तरीय वास सेवाको उपलब्धता सुनिश्चित गर्न एक जना वास सम्बन्धि जिम्मेवार व्यक्ति सहितको सक्रिय वास इकाई रहेको छ । नगरपालिकामा वडा अध्यक्ष, स्वास्थ्य र शिक्षा विभागका प्रतिनिधिहरू सम्मिलित एक सक्रिय नगरपालिका स्तरीय खानेपानी, सरसफाइ र स्वच्छता समन्वय समिति पनि रहेको छ । नगरपालिका स्तरीय वास समन्वय समिति सबै वास सम्बन्धित गतिविधिहरूको योजना, समन्वय र व्यवस्थापनको लागि जिम्मेवार छ । नगरपालिकामा रहेका स्वास्थ्य र शिक्षा विभागहरूले आफ्नो अधिकार क्षेत्र भित्र संचालित वास सेवाहरुमा जनचेतना जगाउने जिम्मेवारी बोकेका छन् ।

## १.४. सामाजिक व्यवहार परिवर्तन संचारको औचित्य

सामाजिक व्यवहार परिवर्तन संचार रणनीति पहिले अनुमोदित व्यवहार परिवर्तन रणनीतिको आधारमा तर्जुमा गरिएको छ । यो रणनीति खडक नगरपालिका भित्र मानवजन्य मलमूत्र व्यवस्थापन सहित पूर्ण सरसफाइ र स्वच्छता हासिल गर्न व्यवहार र सामाजिक मान्यताहरू परिवर्तन गर्नमा केन्द्रित छ ।

यस सामाजिक व्यवहार परिवर्तन संचार रणनीतिसँगै खडक नगरपालिकाले “सुखी, स्वस्थ खडक” को परिकल्पना गरेको छ। यो परिकल्पना साकार बनाउनको लागि सबैले खानेपानी सरसफाइ तथा स्वच्छताका सेवाहरू दिगो रुपमा प्रयोग गर्न जरुरी छ । यो तब मात्र सम्भव हुनेछ जब सम्पूर्ण जनसमुदायहरूले

सरसफाइ र यससँग सम्बन्धित व्यवहारहरूलाई निरन्तर रुपमा अपनाउने छन् । तसर्थ, समुदाय र व्यक्तिहरूसँग निरन्तर र अटुट संचार अत्यन्त महत्त्वपूर्ण छ ।

## १.५. रणनीतिक क्षेत्रहरू

### १.५.१. सामाजिक व्यवहार परिवर्तन संचार

सामाजिक व्यवहार परिवर्तन संचार रणनीतिले व्यक्ति र परिवारका लागि जीवनशैली निर्माण गर्न सरसफाइ, स्वच्छता, र फोहोरमैला व्यवस्थापन व्यवहार र सामाजिक दृष्टिकोणहरूलाई एकीकृत गर्दछ । यस रणनीतिले लिङ्ग, जात जाती, अपाङ्गता र सामाजिक तथा आर्थिक अवस्थाका आधारमा हुने भेदभावपूर्ण व्यवहार र सामाजिक मूल्यमान्यताहरूलाई सम्बोधन गर्नेछ ।

### १.५.२. सुखी, स्वस्थ शहरः सामाजिक व्यवहार परिवर्तन खाका

सुखी, स्वस्थ शहर सामाजिक व्यवहार परिवर्तन संचार खाकाले नगरपालिकामा बसोबास गर्ने सबैले हरेक तह (घरपरिवार, विद्यालय र स्वास्थ्य संस्था) मा अपनाउनु पर्ने उचित व्यवहार प्रस्तुत गर्दछ ।

### १.५.३. रचनात्मक रणनीति

रचनात्मक रणनीतिले समुदाय, विद्यालय र स्वास्थ्य संस्थाहरूलाई त्रिकोणीय प्रेरकको रूपमा पहिचान गर्दछ । मानिसहरूको मन मस्तिष्कमा मुख्य सामाजिक व्यवहार परिवर्तनको प्रभाव पार्नको लागि अन्तरव्यक्ति र समूहगत अन्तरक्रिया, आम संचार र सामाजिक संजाल आदि माध्यमहरु उपयोग गरिनेछ । घरपरिवार, समुदाय, विद्यालय र स्वास्थ्य संस्थालाई परिवर्तनको संवाहक बन्न प्रेरित गर्न संचार सामग्रीहरूको निर्माण गरी त्यस्ता सूचनाहरु संचारका माध्यमहरूबाट प्रसारण गरिनेछ ।

### १.५.४. कार्यान्वयन योजना

यो विस्तृत योजना कार्यान्वयन भएपछि नगरपालिका, वडा र घरधुरी स्तरमा गर्ने गतिविधिहरूको निर्धारण गर्दछ । साथै रणनीतिका विभिन्न पक्षहरू कार्यान्वयन गर्न आवश्यक स्रोतहरूको अनुमान गर्दछ ।

### १.५.५. व्यवहार अनुगमन र मूल्याङ्कन योजना

व्यवहार अनुगमन तथा मूल्याङ्कन योजनाले नगरवासीहरुको जीवनशैली के, किन र कसरी परिवर्तन भइरहेको छ भन्ने मापन गर्नेछ ।

# २. सामाजिक व्यवहार परिवर्तन संचार रणनीति

## २.१. लक्ष्य र उद्देश्य

### २.१.१. लक्ष्य

यो रणनीतिको लक्ष्य नगरपालिकामा बसोबास गर्ने सीमान्तकृत, सामाजिक रूपमा बहिष्कृत, युवा, किशोर-किशोरी तथा सबै घरधुरीका सदस्यहरूलाई आफ्नो जीवनशैली र समुदायमा सकारात्मक परिवर्तनहरू ल्याउनका लागि उचित व्यवहारका निर्णयहरू लिन सशक्त बनाउनु हो ।

### २.१.२. उद्देश्य

यो रणनीतिको उद्देश्य उपयुक्त कदम चालेर सरसफाइ, स्वच्छता र फोहोरमैला व्यवस्थापनका सेवाहरूमा सुधार ल्याउन सबैको संलग्नता, जनचेतना र प्रतिबद्धता बढाउनु हो ।

### क) संचारका उद्देश्यहरू

संचार रणनीतिका उद्देश्यहरू निम्नानुसार छन्:

(क) शहरमा सरसफाइ, स्वच्छता र फोहोरमैला व्यवस्थापन सेवाहरूको व्यवस्थापन, मर्मत, अनुगमन, मूल्याङ्कन र नियमनमा स्थानीय सरकारको सक्रिय संलग्नता बढाउने ।

(ख) सरसफाइ, स्वच्छता र फोहोरमैला व्यवस्थापनमा शहरवासीहरूको व्यवहारमा सुधार ल्याउन तथा सुनिश्चित गर्न नगरपालिकाले संस्थागत सहयोग बढाउने ।

(ग) सरसफाइ, स्वच्छता र फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवहार र अभ्यासहरू निर्माण र दिगो बनाउन घरधुरी, विद्यालय, स्वास्थ्य संस्थाहरूको सहभागिता र संलग्नता बढाउने ।

(घ) सरसफाइ र स्वच्छता हासिल गर्नका लागि सेवा प्रदायकहरुलाई सामाजिक उत्तरदायी सेवा प्रदान गर्न प्रेरित गर्ने ।

### ख) प्रमुख व्यवहारिक उद्देश्यहरू

**-घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरू:**

- वासको बारेमा जानकारीहरू प्राप्त गर्नको लागि नियमित रुपमा विभिन्न माध्यमको उपयोग गरी छलफमा भाग लिने । जस्तैः सामाजिक संजाल, अन्तरव्यक्ति संवाद, समूहगत बैठक र अन्य;
- स्वच्छ रुपमा सरसफाइका सुविधाहरू प्रयोग तथा व्यवस्थापन गर्ने;
- महिनावारीको सरसफाइ सहित स्वच्छताको उचित रुपमा दिगो व्यवस्थापन गर्ने;
- महिनावारी लगायत जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने उपाय अपनाउने;
- मानवजन्य मलमूत्रको उचित र दिगो रुपमा व्यवस्थापन गर्ने । जस्तैः मल खाडलको स्तरोन्नति, सुरक्षित रूपमा मल खाडल खाली गर्ने, ढुवानी र मानवजन्य मलमूत्रीय फोहोरमैलाको विसर्जन तथा यसको पुनः प्रयोग;
- घरेलु तथा संस्थागत फोहोरमैलाको उचित र दिगो रुपमा व्यवस्थापन गर्ने (जस्तैः भण्डारण, ढुवानी र विसर्जनको व्यवस्था); र

- महिला, युवा, दलित र जनजाती, न्यून आय भएका समुदाय, अपाङ्गता भएका व्यक्ति र उनीहरूका हेरचाहकर्ताहरुका सहभागिता बढाउन आवश्यक पर्ने सामाजिक प्रणाली सृजना गर्न सामुदायिक समूह वा संजालहरूमा सहभागी हुने;

**-सेवा प्रदायक, गैर-सरकारी संस्था र अन्य सहयोगी समूहहरू**

- सबै प्रयोगकर्ताहरूका लागि गुणस्तरीय सरसफाइ, स्वच्छता र मानवजन्य मलमूत्र व्यवस्थापन सेवाहरू संचालन गर्ने र उपलब्ध गराउने;
- सरसफाइ, स्वच्छता र घरेलु तथा संस्थागत फोहोरमैला व्यवस्थापन सेवाहरूको आवश्यकताबारे जानकारी प्राप्त गर्न नियमित रूपमा छलफलमा भाग लिने ।


**-मुख्य प्रेरक व्यक्ति तथा निकायहरु (नगरपालिका, निजी क्षेत्र र विकास साझेदार सहित अन्य सरोकारवालाहरू):**

- विद्यालय, स्वास्थ्य संस्था र घरधुरीहरुमा सुखी, स्वस्थ शहर सम्बन्धी व्यवहार कायम राख्ने प्रावधानहरूलाई अनिवार्य रुपमा संस्थागत गर्ने कार्यहरू गर्ने ।
- शहरको सरसफाइ, स्वच्छता, मानवजन्य मलमूत्र र फोहोरमैला व्यवस्थापन सेवाहरूको व्यवस्थापन, निरिक्षण, अनुगमन, मूल्याङ्कन र नियमनमा सक्रिय रूपमा संलग्न हुने ।
- महिला र युवा समूह, दलित र जातीय समूह, न्यून आय भएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका हेरचाहकर्ताहरूको सहभागिता र संलग्नता सुनिश्चित गर्न विभिन्न उपायहरूको विकास र कार्यान्वयन गर्ने ।

## २.२. केन्द्रिकृत क्षेत्रहरू

यो रणनीति, महिनावारी स्वच्छता व्यवस्थापन, मानवजन्य मलमूत्र व्यवस्थापन र फोहोरमैला व्यवस्थापन सहित सरसफाइ र स्वच्छताका क्षेत्रहरुमा केन्द्रित रहेर निर्माण गरिएको छ । यी क्षेत्रहरूले सुखी, स्वस्थ खडकका लागि बलियो आधार निर्माण गर्नेछन् ।

**चित्र २: केन्द्रिकृत क्षेत्रहरु**




**सरसफाइ** केन्द्रित क्षेत्रले शौचालयको पहुँच, प्रयोग र मर्मतमा ध्यान केन्द्रित गर्दछ र शौचालय सुविधाहरुको मर्मतमा लैङ्गिक भूमिकाका साथै खुला दिसा मुक्त घोषणा पछिका व्यवहार तथा मानवजन्य मलमूत्र व्यवस्थापनसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्दछ ।

**स्वच्छता** केन्द्रित क्षेत्र दैनिक सरसफाइमा केन्द्रित छ । जस्तैः घरधुरी, विद्यालय, स्वास्थ्य संस्थाहरुमा साबुन पानीले हात धुने, खाना, भान्सा, शौचालय र महिनावारी सरसफाइ आदि ।

**मानवजन्य मलमूत्रीय फोहोर व्यवस्थापन** केन्द्रित क्षेत्र मल खाडल (सेप्टिक ट्याङ्क, पिट) को स्तरोन्नति, सुरक्षित रूपमा मल खाडल खाली गर्ने, ढुवानी र मलमूत्रको विसर्जन/पुनः प्रयोग सम्बन्धी संस्थागत क्षमताहरूमा केन्द्रित छ ।

**फोहोरमैला व्यवस्थापन** केन्द्रित क्षेत्र घरधुरी, विद्यालय र स्वास्थ्य संस्थामा फोहोरमैला व्यवस्थापनमा केन्द्रित छ ।

खडक नगरपालिकाले शहरी सरसफाइ सुधार गर्न प्रत्येक केन्द्रिकृत क्षेत्रको महत्त्वलाई स्वीकार गरेको छ । तर पनि, खडक नगरपालिकाले रणनीतिलाई गति प्रदान गर्न प्राथमिक क्षेत्रको रुपमा फोहोरमैला व्यवस्थापनलाई पहिचान गरेको छ । यस रणनीतिलाई सुखी, स्वस्थ शहर अभियानको रूपमा सुरुवात गरिनेछ । जस अन्तर्गत सुखी, स्वस्थ शहर सप्ताह मनाइनेछ । सुखी स्वस्थ शहर सप्ताह मुख्य रुपमा फोहोरमैला व्यवस्थापनमा केन्द्रित हुनेछ साथै अन्य मुख्य व्यवहारहरू पनि यसमा समावेश गरिनेछ ।

## २.३. लक्षित वर्ग

लक्षित वर्गहरूलाई आफ्नो जीवनशैलीमा वास सम्बन्धी उचित व्यवहारहरु अपनाए बापत रोल मोडलको रुपमा लिईनेछ ।

समुदायका अन्य व्यक्तिहरुले पनि यस्तै व्यवहारहरू अपनाउन् भनेर प्रेरित गर्न समुदायका प्रेरक व्यक्तित्वहरूले उनीलाई प्रेरणा प्रदान गर्नेछन् ।

**तालिका १: सामाजिक व्यवहार तथा संचार रणनीतिका सहभागी र लक्षित समूहहरू**

| लक्षित वर्गको स्तर | लक्षित वर्गहरु |
|---|---|
| **तृतीय वर्ग**<br>आवश्यक नीति, संरचना र स्रोतहरू सहितको सक्षम वातावरण सृजना गर्ने व्यक्तित्वहरू । | • स्थानीय नगरपालिका<br>• वडा<br>• जिल्ला स्तरीय वास कार्यकर्ताहरू |
| **मध्यम वर्ग**<br>उचित व्यवहारहरू अपनाउन प्रेरित गर्न र उचित वातावरणको निर्माण गर्न आफूलाई र अरूलाई परिचालन गर्न सक्ने व्यक्तिहरू । | • समुदायका प्रेरक व्यक्तित्वहरू<br>• स्वास्थ्य कार्यकर्ता र स्वयंसेविका र शिक्षकहरु<br>• धार्मिक गुरुहरु<br>• सामुदायिक समूह (वास समिति, महिला स्वास्थ्य स्वयंसेवीकाहरु, सरसफाइ च्याम्पियन आदि)<br>• संघ/संस्था र संचारका माध्यमहरु |
| **प्राथमिक वर्ग**<br>ज्ञान, मनोवृत्ति, आत्मविश्वास र प्रभावकारिता अनुसार उचित व्यवहार अपनाउने व्यक्तिहरू । | • परिवारहरु<br>• पुरुष तथा महिला<br>• किशोर-किशोरीहरु<br>• विद्यार्थीहरु |

## २.४. माध्यमहरु

### क) अन्तरक्रियाका माध्यमहरू

किशोर, युवा (विशेष गरी महिला र किशोरी), वयस्क, घरधुरीहरु, विद्यालय र स्वास्थ्य संस्थाका शिक्षक तथा सेवा प्रदायकहरू **"च्याम्पियन"** को रूपमा परिचालित हुनेछन् । उनीहरुलाई विभिन्न समाजिक संजाल, सामुदायिक क्रियाकलाप र सामूहिक अन्तरक्रियामा परिचालन गरिनेछ । यस्ता प्रत्यक्ष अन्तरक्रिया, छलफलका कार्यक्रम र क्रियाकलापलाई आम संचार माध्यम र सामाजिक संजालमा हुने गतिविधिहरूले सहयोग गर्नेछ ।

### ख) सामाजिक संजाल

विकास साझेदार संस्थाहरूको सहयोग तथा नगरपालिकाको सामाजिक संजाल र नेटवर्क बलियो भएको हुनाले खडक नगरपालिकाको आफ्नो समुदायमा पहुँच राम्रो छ । नगरपालिकाको वेबसाइट, विषयगत पोर्टल, फेसबुक, युट्युब, ट्विटर, इन्स्टाग्राम, टिकटक, जुम, हवट्सएप र गुगल मीटमा भर्चुअल मिटिङ्ग र एसएमएसको प्रयोग गरी सबै नगरबासीहरुसम्म पुग्नेछ । अन्तरक्रियात्मक सामाजिक संजाल अभियानहरू डिजाईन गरेर सबै नगरबासीहरुसम्म पुर्‍याई उनीहरुलाई यसमा संलग्न र क्रियाशील हुनको लागि प्रोत्साहित गरिनेछ ।

### ग) श्रव्य-दृष्य सामग्रीहरू

आम समुदाय, प्रतिष्ठित व्यक्तित्व, बालबालिका, युवा, सरकारी अधिकारी र जनप्रतिनिधिका व्यक्तिगत र सामाजिक अनुभवहरूलाई श्रव्य-दृष्य र छापा माध्यमहरुमा चित्रण गरी प्रसारण गरिनेछ ।

### घ) ब्रान्डिङ्ग

सबै संचारका सामग्री तथा उपकरणहरु अभियानको समसामयिक मर्म झल्काउने खालका हुनेछन् । यसमा उपयुक्त भाषा तथा डिजाईनको प्रयोग गरिनेछ । श्रव्य र दृष्य माध्यमका सामग्रीहरूमा सरकारी निकायका व्यक्तित्व, जनप्रतिनिधि, किशोर-किशोरी, युवा र आम जनतालाई परिवर्तनको अभियनता बन्न प्रेरित गर्ने सन्देशहरू हुनेछन् ।

## २.५. सरोकारवालाहरुको भूमिकाको विश्लेषण

यस रणनीतिका उद्देश्यहरू पूरा गर्न विभिन्न तहका विभिन्न सरोकारवालाहरूको भूमिका अनिवार्य हुनेछ । तालिका २ ले विभिन्न सरोकारवालाहरूको भूमिकाको विश्लेषण गर्दछ जसले लक्षित जनसंख्यालाई उचित व्यवहारहरू अपनाउन योगदान गर्नेछ ।

**तालिका २: सरोकारवालाको भूमिकाको विश्लेषण**

| संस्थाहरू | अपेक्षित भूमिकाहरु |
|---|---|
| समुदायहरु | • जनचेतना जगाउने कार्यक्रमहरू, अभिमुखीकरण, प्रदर्शन आदिमा भाग लिने ।<br>• विभिन्न सरोकारवालाहरूद्वारा प्राप्त हुने जानकारी प्रति ग्रहणशील बन्ने ।<br>• उचित व्यवहार अपनाउने । |
| वास समिति, समुदायमा आधारित संघ/संस्था, महिला/युवा संजाल र समूहहरु | • नगरपालिका र अन्य सरकारी र गैर-सरकारी निकायहरूसँग बहस तथा पैरवी गर्ने ।<br>• उचित व्यवहारहरूमा जागरूकता सृजना गर्ने ।<br>• सबैलाई दिगो रूपमा उचित व्यवहारहरू अपनाउन प्रोत्साहन र उत्प्रेरित गर्ने । |

| | |
|---|---|
| • नगरपालिकाका पदाधिकारी तथा निर्वाचित जनप्रतिनीधिहरु | • उचित र आवश्यक नीति, प्रावधान, रणनीति, दिशानिर्देश, प्रोटोकल, निर्देशन आदि बनाउने र अनुमोदन गर्ने ।<br>• आवश्यक पूर्वाधारहरुको निर्माण गर्ने ।<br>• प्रादेशिक र संघीय सरकारलाई झक्झकाउने ।<br>• विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने ।<br>• स्रोतहरू विनियोजन वा परिचालन गर्ने ।<br>• आम संचार तथा सामाजिक संजाल आदिबाट सूचनाहरु प्रचार तथा प्रसारण गर्ने ।<br>• आवश्यकता अनुसार रणनीति योजना अद्यावधिक गर्ने ।<br>• रणनीति योजनाको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने । |
| वडा तथा महिला स्वास्थ्य स्वयंसेवीकाहरू | • समुदायहरुसँग नियमित रूपमा संचार/कुराकानी गर्ने ।<br>• सामुदायिक स्तरमा वास सेवाहरू र सुविधाहरूको अद्यावधिहरू प्राप्त गर्ने र वास सुविधा र सेवाहरूको तथ्याङ्क निर्माण गर्ने ।<br>• वास समितिहरू, नगरपालिका स्तरीय वास समिति, समुदायमा आधारित संघ/संस्था, युवा तथा महिला समूहहरू आदि जस्ता स्थानीय निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।<br>• उचित व्यवहार अपनाउनलाई प्रभाव पार्नको लागि जागरुकता बढाउने । |
| सरसफाइ च्याम्पियनहरु | • रोल मोडेलको रूपमा उचित व्यवहारहरुको परिवर्तनलाई प्रेरित र प्रभाव गर्ने ।<br>• समुदायमा परिवर्तनको च्याम्पियन (एजेन्ट) बन्ने ।<br>• स्थानीय सरकारसँग पैरवीका प्रयासहरूलाई सहज बनाउने ।<br>• अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने । |
| विद्यालयहरू | • उचित पूर्वाधार निर्माणको लागि स्रोतहरूको विनियोजन र परिचालन गर्ने । |

| | |
|---|---|
| | • विद्यार्थी र विद्यालयका कर्मचारीहरूलाई जनचेतना बढाउने । |
| स्वास्थ्य संस्थाहरु | • उचित पूर्वाधार निर्माणको लागि स्रोतहरूको विनियोजन र परिचालन गर्ने ।<br>• संस्थाका कर्मचारीहरूलाई तालिम तथा अभिमुखिकरण दिने ।<br>• स्वास्थ्य संस्थाहरूमा उचित सुविधाहरू र सेवाहरूको प्रावधान सुनिश्चित गर्ने ।<br>• आधिकारीक निकायसँग पैरवी गर्ने ।<br>• जनचेतना सृजना गर्न र उचित व्यवहारहरू अपनाउन उत्प्रेरित गर्नको लागि स्वास्थ्य संस्थामा सूचना प्रवाह गर्ने । |
| सेवा प्रदायकहरु (सरसफाइकर्मी, फोहोरमैला सङ्कलनकर्ता आदि) | • नगरपालिकाको निर्देशन अनुसार फोहोरमैला सङ्कलन र विसर्जन गर्ने ।<br>• मानवजन्य मलमूत्रले भरिएको खाल्डो उचित रुपमा खाली गर्ने, सुरक्षित ढुवानी, प्रशोधन र पुनः प्रयोग सुनिश्चित गर्ने ।<br>• सुरक्षाका उपायहरूको पूर्ण पालना सुनिश्चित गर्ने । |

# ३. सुखी, स्वस्थ शहरः सामाजिक व्यवहार परिवर्तन संचार रणनीतिको खाका

सामाजिक व्यवहार परिवर्तन संचारलाई **"सुखी, स्वस्थ शहर"** नामाकरण गरी समाजिक गतिविधि/अभियान मार्फत प्रारम्भ गरिनेछ । **#सुखी, स्वस्थ शहर** अभियानले बालबालिका, किशोर-किशोरी, युवा, परिवार, शिक्षक, स्वास्थ्यकर्मी, स्थानीय सरकार र सरोकारवालाहरू बीच सकारात्मक व्यवहार निर्माण गर्न शहरमा आधारित सामाजिक दृष्टिकोणहरुलाई समावेस गर्नेछ । यस रणनीतिले लिङ्ग, जात जाती, भूगोल, अपाङ्गता र सामाजिक तथा आर्थिक अवस्थाका आधारमा हुने भेदभाव, सरसफाइ, स्वच्छताका साथै मानवजन्य मलमूत्र, फोहोरमैला व्यवस्थापनका अवरोध र सामाजिक मूल्यमान्यताहरूलाई पनि सम्बोधन गर्नेछ ।

**#सुखी, स्वास्थ शहर** अभियानले नगरपालिकाको सबै ठाउँमा एकै प्रकारको व्यवहार अपनाउन एउटा सामाजिक सन्दर्भ सृजना गर्ने प्रयास गर्नेछ । यसले हालको SNV Nepal को WASH SDG कार्यक्रम निर्माण गर्न पहल गरिने छ र यसलाई सरोकारवालाहरुद्वारा अपनाईने छ । प्रदेश स्तरीय अभियन्ता साथै अन्य टिभी र सिने कलाकारहरु र आम समुदाय (विशेष गरी बालबालिका, महिला र अपाङ्गता भएका व्यक्तिहरु), स्थानीय निकायका पदाधिकारी, निर्वाचित जनप्रतिनिधिहरुलाई संचार अभियानको च्याम्पियन बन्न स्वईच्छा राख्ने व्यक्तिहरुलाई च्याम्पियन बनाईनेछ ।

संचारका दृष्टिकोणहरू सामाजिक व्यवहार परिवर्तन संचार रणनीतिक खाकाको आधारमा विकसित गरिनेछ जसमा गतिविधि र घटनाहरु सोहिअनुसार तयार र कार्यान्वयन गरिनेछ ।

**तालिका ३: संचारका अभ्यास तथा गतिविधिहरू**

| रणनीतिक खाका | दृष्टिकोणहरू |
|---|---|
| १. **आम समुदाय–** स्थानीय सरकारको भूमिका, जिम्मेवारी, जवाफदेहिता र सामुदायिक संलग्नता । | • अन्तरव्यक्ति कार्यक्रम तथा गतिविधिहरू<br>• सामाजिक संजालमा अन्तरक्रिया र पैरवीका अभियान । |
| २. **सामाजिक नियम र व्यवहार परिवर्तन–** अपनाईएका व्यवहारहरुको दिगोपना । | • अन्तरव्यक्ति कार्यक्रम तथा गतिविधिहरू<br>• सामाजिक संजालमा अन्तरक्रिया र पैरवीका अभियान ।<br>• आम संचार अभियान तथा गतिविधिहरू । |
| ३. **सेवा वितरण संयन्त्र–** व्यवहार र अनुगमनको निरन्तरता । | • निर्वाचित प्रतिनिधि, सरोकारवाला, विद्यालय, स्वास्थ्य संस्थाहरूका लागि क्षमता अभिवृद्धिका अभ्यासहरू । |

| रणनीतिक खाका | दृष्टिकोणहरू |
|---|---|
| ४. वास क्षेत्रमा असमानता– क्षमता अभिवृद्धि | ● निर्वाचित जनप्रतिनिधि, सरोकारवाला, विद्यालय, स्वास्थ्य संस्थाहरूका लागि क्षमता अभिवृद्धिका अभ्यासहरू । |

## ३.१. रणनीतिक केन्द्रिकृत क्षेत्र १: फोहोरमैला व्यवस्थापन

फोहोरमैला व्यवस्थापन घर, विद्यालय र स्वास्थ्य संस्थामा केन्द्रित छ ।

### तालिका ४: फोहोरमैला व्यवस्थापनको खाका

| रणनीतिक क्षेत्र | रणनीति | जिम्मेवारी |
|---|---|---|
| **सबै परिसरहरूमा (घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरू)** | | |
| क) परिसर स्तरमा नै कुहिने र नकुहिने फोहोरमैलालाई छुट्टा-छुट्टै भाँडो (कन्टेनर) मा सुरक्षित रुपमा छुट्याउने । | ✓ फोहोरमैलालाई सुरक्षित रुपमा छुट्याउने । कुहिने र नकुहिने फोहोरमैलालाई छुट्टा-छुट्टै भाँडो (कन्टेनर) मा जम्मा गर्नुको फाइदाहरूको बारे जनचेतना बढाउने । | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, समुदायमा आधारित संघ/संस्था, महिला तथा युवा समूहहरु, सरसफाइ च्याम्पियन आदि । |
| ख) नकुहिने फोहोरमैलालाई पुनः प्रशोधन (re-cycle) गर्न मिल्ने र नमिल्ने गरी छुट्याउने । | ✓ पुनः प्रशोधन (re-cycle) गर्न मिल्ने र नमिल्ने फोहोरमैलाका बारेमा जनचेतना र ज्ञान बढाउने । | |
| ग) कागज, प्लाष्टिक, गत्ता, धातु तथा यसबाट बनेका बट्टा, सिसाका बोतलहरू जस्ता पुनः प्रशोधन गर्न मिल्ने (re-cyclable) वस्तुहरू सङ्कलनकर्तालाई बिक्रि गर्ने र केही पैसा आम्दानी गर्ने । | ✓ कागज, प्लाष्टिक, गत्ता, धातु तथा यसबाट बनेका बट्टा, सिसाका बोतलहरू जस्ता पुनः प्रशोधन गर्न मिल्ने (re-cyclable) वस्तुहरू सङ्कलनकर्तालाई बिक्रि गर्न उत्प्रेरित गर्ने । | |
| घ) बाँकी बचेका पुनः प्रशोधन गर्न नमिल्ने (non-re-cyclable) फोहोरमैलाहरू नगरपालिकाको फोहोर सङ्कलन सेवा प्रयोग गरी विसर्जन गर्ने वा छुट्टै खाडल खनेर भर्ने र भरिएपछि त्यसलाई माटोले पुरिदिने । | ✓ नगरपालिकाले प्रदान गर्ने फोहोर सङ्कलन सेवाहरू बारे जानकारी गराउने ।<br>✓ बाँकी रहेका पुनः प्रशोधन गर्न नमिल्ने (non-recyclable) वस्तुहरूको सुरक्षित व्यवस्थापन गर्न प्रोत्साहन गर्ने ।<br>✓ नगरपालिकाको फोहोरमैला सङ्कलनको तालिका बारे जानकारी गराउने । | |

| रणनीतिक क्षेत्र | रणनीति | जिम्मेवारी |
|---|---|---|
| | ✓ पुन: प्रशोधन गर्न नमिल्ने (non-recyclable) फोहोरमैलालाई छुट्टै खाडल खनेर जम्मा गर्ने र खाडल भरिए पछि माटोले छोप्ने बारेमा क्षमता अभिबृद्धि गर्ने । | |
| ङ) हावा, पशुपंक्षी र जनावरहरु बाट फोहोरमैलालाई जथाभावी रुपमा फैलनबाट जोगाउन फोहोरमैलालाई बन्द भाँडो (कन्टेनर) मा विसर्जन गर्ने । | ✓ फोहोरमैला सङ्कलन गर्ने भाँडो (कन्टेनर) हरू राख्ने ।<br>✓ विभिन्न प्रकारका फोहोरमैलाहरूलाई छुट्टा-छुट्टै रङ्गका विशेष भाँडो (कन्टेनर) मा विसर्जन गर्दाको फाईदाहरूका बारेमा जनचेतना जगाउने । | |
| च) नगरपालिकाको फोहोरमैला सङ्कलन सेवा मार्फत फोहोरमैलालाई विसर्जन गर्ने । जथाभावी सडकको छेउ-छाउ र जलस्रोतहरुमा फोहोरमैला नफाल्ने । | ✓ नगरपालिकाले प्रदान गर्ने फोहोर सङ्कलन सेवाहरू बारे जानकारी गराउने ।<br>✓ नगरपालिकाको फोहोरमैला सङ्कलनमा सहुलियत, अनुदान आदि प्रदान गरी फोहोरमैला व्यवस्थापन गर्न उत्प्रेरित गर्ने । | |
| **घरधुरी** | | |
| क) भान्साबाट निस्कने र अन्य कुहिने फोहोरमैलालाई मलमा परिणत गर्नको लागि एउटा खाडल खनेर मल बनाउने र बगैंचा र करेसा बारीमा त्यहि मल प्रयोग गर्ने । | ✓ भान्साबाट निस्कने र अन्य कुहिने फोहोरलाई मलमा परिणत गर्न खाडल बनाउने क्षमता अभिवृद्धि गर्ने ।<br>✓ मललाई बगैंचा र करेसा बारीमा प्रयोग गर्न घरका सदस्यहरूलाई व्यवहारिक सीप विकास गर्ने । बगैंचा र करेसा बारीमा मल प्रयोग गर्दा हुने फाइदाहरू बारे जनचेतना जगाउने ।<br>✓ भान्साकोठाबाट निस्कने र अन्य कुहिने फोहोरलाई मल बनाई बगैंचा र करेसा | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, नागरिक समाज, महिला तथा युवा समूहहरु, सरसफाइ च्याम्पियन आदि । |

| रणनीतिक क्षेत्र | रणनीति | जिम्मेवारी |
|---|---|---|
| | बारीमा प्रयोग गर्दाको फाइदा बारेमा जनचेतना जगाउने । | |
| **स्वास्थ्य संस्था** | | |
| **क)** स्वास्थ्य संस्थाबाट निस्कने विभिन्न फोहोरमैलालाई कम्तिमा ३ वटा छुट्टा-छुट्टै भाँडो (कन्टेनर) मा छुट्याउने । | ✓ स्वास्थ्य संस्था प्रमुखसँग पैरवी । | ✓ वास समितिहरू, समुदायमा आधारित संघ/संस्था, महिला तथा युवा समूहहरू, सरसफाइ च्याम्पियन आदि । |
| **ख)** स्वास्थ्य संस्थाबाट निस्कने विभिन्न फोहोरमैलालाई सुरक्षित तवरले छुट्याउने, प्रशोधन र विसर्जन गर्ने । | ✓ स्वास्थ्य संस्थाबाट निस्कने विभिन्न फोहोरमैला व्यवस्थापन, पेशागत स्वास्थ्य र सुरक्षामा स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण र पुनरताजगि तालिम दिने ।<br>✓ स्वास्थ्यकर्मीहरूको भूमिका र जिम्मेवारी तोक्ने ।<br>✓ स्वास्थ्य संस्थाको उपयुक्त स्थानहरूमा जानकारी मूलक सूचनाहरु प्रदर्शन गर्ने ।<br>✓ स्वास्थ्य संस्थाका उपयुक्त स्थानहरूमा फोहोर विभाजन बारेमा जानकारीहरु प्रदर्शन गर्ने । | ✓ नगरपालिका, स्वास्थ्य संस्था प्रमुख र समुदायमा आधारित संघ/संस्था, सरसफाइ च्याम्पियन । |
| **ग)** तीखो, धारिलो तथा जोखिमपूर्ण फोहोरमैलाहरूलाई निर्मलिकरण र यसको सुरक्षित प्रशोधन र विसर्जनको सुनिश्चित गर्ने । | | |
| **घ)** कुनै पनि रसायनिक वा औषधिजन्य हानिकारक फोहोरमैलालाई सामान्य फोहोरमैलामा फालिएको छैन भनी सुनिश्चित गर्ने । | | |
| **ङ)** कुनै पनि फोहोरमैलालाई शौचालय वा मलमूत्र जम्मा हुने खाडलमा नफ्याक्ने । | | |
| **च)** सामान्य मानिस/सेवाग्राहीहरुको फोहोरमैला प्रशोधन र विसर्जन स्थल पहुँच भन्दा टाढा रहेको सुनिश्चित गर्ने । | | |
| **छ)** महिनावारी भएको समयमा प्रयोग गरिएको स्यानेटरी प्याड विसर्जनको लागि महिला शौचालयमा ढक्कन सहितको भाँडो (बिन) राख्ने । | ✓ स्वास्थ्य संस्थाका प्रमुखसँग पैरवी । | ✓ वास समितिहरू, समुदायमा आधारित संघ/संस्था, महिला तथा युवा समूहहरू, सरसफाइ च्याम्पियन आदि । |

| रणनीतिक क्षेत्र | रणनीति | जिम्मेवारी |
|---|---|---|
| **कार्यान्वयन क्षेत्र:** घरदैलो कार्यक्रम, माइकिङ, आम संचारका माध्यमबाट सूचनाको प्रचार प्रसार, व्यवहार परिवर्तनका सामग्री, घरदैलो भेटघाट कार्यक्रममा प्रदर्शनका साथै घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरुमा प्रभावकारी अभिमुखीकरण कार्यक्रमहरू मध्ये सबै भन्दा बढि प्रभावकारी (हरु) लाई अनुसरण गर्ने । | | |

## ३.२. रणनीतिक केन्द्रिकृत क्षेत्र २: महिनावारी स्वच्छता व्यवस्थापन सहित साबुन पानीले हात धुने

यो रणनीतिक योजना घर, विद्यालय र स्वास्थ्य संस्थाहरुमा दैनिक रुपमा साबुन पानीले हात धुने तथा खाना, भान्सा, शौचालय तथा महिनावारी स्वच्छतामा केन्द्रित छ ।

**तालिका ५: महिनावारी स्वच्छता सहित साबुन पानीले हात धुने रणनीतिक खाका**

| रणनीतिक क्षेत्र | रणनीति | जिम्मेवारी |
|---|---|---|
| **सबै परिसरहरूमा (घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरू)** | | |
| **साबुन पानीले हात धुने** | | |
| **क)** शौचालय भित्र वा नजिकै (५ मिटर भित्र) एक निश्चित स्थानमा हात धुने स्थानको पहुँचका साथै नियमित रुपमा साबुन पानीको उपलब्धता । | ✓ साबुन पानीले हात धुने स्थानको निर्माण । | ✓ घरमूली, विद्यालय प्रशासन र स्वास्थ्य संस्था प्रमुख । |
| **ख)** जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने । | ✓ जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने बारेमा जनचेतना बढाउने । | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, नागरिक समाज, महिला तथा युवा समूहहरु, सरसफाइ च्याम्पियन आदि । |
| **ग)** भूमिगत तथा सतहको पानी प्रदूषण हुनबाट जोगाउने । | ✓ भूमिगत तथा सतहको पानी प्रदूषण हुनबाट जोगाउन उचित संरचना निर्माण गर्ने ।<br>✓ भूमिगत तथा सतहको पानी प्रदूषण हुनबाट जोगाउन विभिन्न उपायहरुका बारेमा जनचेतना बढाउने । | ✓ घरमूली, विद्यालय प्रशासन र स्वास्थ्य संस्था प्रमुख ।<br>✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, नागरिक समाज, महिला तथा युवा समूहहरु, सरसफाइ च्याम्पियन आदि । |
| **महिनावारी स्वच्छता व्यवस्थापन** | | |
| **क)** महिनावारीको समयमा प्रयोग गरिएका स्यानेटरी प्याडहरुको सुरक्षित विसर्जनका साथै महिनावारी स्वच्छता व्यवस्थापनका सुविधा उपलब्ध गराउने । | ✓ महिनावारीको समयमा प्रयोग गरिएका स्यानेटरी प्याडहरुको सुरक्षित विसर्जनका लागि उचित संरचनाको निर्माण गर्ने । | ✓ घरमूली, विद्यालय प्रशासन, स्वास्थ्य संस्था प्रमुख र नगरपालिका । |

| रणनीतिक क्षेत्र | रणनीति | जिम्मेवारी |
|---|---|---|
| **ख)** महिनावारीको समयमा पुनः प्रयोग गरिने कपडालाई राम्रोसँग धोएर घाममा सुकाउने र यसको स्वच्छ व्यवस्थापन गर्ने । | ✓ महिनावारीको समयमा पुनः प्रयोग गरिने कपडालाई राम्रोसँग धोएर घाममा सुकाएर प्रयोग गर्ने बारेमा जनचेतना बढाउने । | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, नागरिक समाज, महिला तथा युवा समूह, महिला स्वयंसेवीका, शिक्षक, सामुदायीक स्वयंसेवक/परिचालक, सरसफाइ च्याम्पियन आदि । |
| **ग)** महिनावारी भएको समयमा स्यानेटरी प्याड तथा महिनावारीमा प्रयोग हुने कपडा फेर्नु अघि र पछि साबुन पानीले हात धुने । | महिनावारी भएको समयमा स्यानेटरी प्याड तथा महिनावारीमा प्रयोग हुने कपडा फेर्नु अघि र पछि साबुन पानीले हात धुने बारेमा जनचेतना बढाउने । | |
| **घ)** महिनावारी भएको बेलामा स्यानेटरी प्याड फेर्न निश्चित स्थानमा ढक्कन सहितको प्याड विसर्जन गर्ने भाँडो (बिन) को उपलब्धता । | ✓ महिनावारी भएको बेलामा स्यानेटरी प्याड फेर्न निश्चित स्थानमा ढक्कन सहितको प्याड विसर्जन गर्ने भाँडो (बिन) को व्यवस्था गर्ने । | ✓ घरमूली, विद्यालय प्रशासन, स्वास्थ्य संस्था प्रमुख र नगरपालिका । |
| **स्वास्थ्य संस्था** | | |
| **साबुन पानीले हात धुने** | | |
| **क)** हात धुने स्थान र हात धुनको लागि साबुन र पानीको उपलब्धता । | ✓ सेवा प्रवाह तथा उपचार गर्ने स्थानहरुमा हात धुने स्थानको निर्माण । | ✓ स्वास्थ्य संस्था, नगरपालिका । |
| **ख)** सेवा प्रवाह तथा उपचार गर्ने स्थानहरुमा हात धुने । | ✓ सेवा प्रवाह तथा उपचार गर्ने स्थानहरुमा साबुन पानीले राम्ररी हात धुने बारे पुनरताजगि तालिम । | |
| **विद्यायल र स्वास्थ्य संस्था** | | |
| **महिनावारी स्वच्छता व्यवस्थापन** | | |
| **क)** महिनावारीको समयमा कपडा वा स्यानेटरी प्याड फेर्ने निश्चित स्थान उपलब्ध गराउने । | ✓ एउटा व्यवस्थित संरचनाको निर्माण गर्ने त्यसलाई महिनावारीको समयमा प्याड/कपडा फेर्ने स्थानको रुपमा तोक्ने । | ✓ स्वास्थ्य संस्था, विद्यालय, नगरपालिका । |
| **कार्यान्वयन क्षेत्र:** घरदैलो कार्यक्रम, माइकिङ, आम संचारका माध्यमबाट सूचनाको प्रचार प्रसार, व्यवहार परिवर्तनका सामग्री, घरदैलो भेटघाट कार्यक्रममा प्रदर्शनका साथै घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरुमा प्रभावकारी अभिमुखीकरण कार्यक्रमहरू मध्ये सबै भन्दा बढि प्रभावकारी (हरु) लाई अनुसरण गर्ने । | | |

### ३.३. रणनीतिक केन्द्रित क्षेत्र ३: मानवजन्य मलमूत्रको व्यवस्थापन

मानवजन्य मलमूत्र व्यवस्थापन, मानवजन्य मलमूत्र जम्मा हुने खाडलको स्तरोन्नति, सुरक्षित रूपमा खाडल खाली गर्ने, ढुवानी र मानवजन्य मलमूत्रीय फोहोरको विसर्जन तथा यसको पुन: प्रयोग सम्बन्धी संस्थागत क्षमताहरूमा केन्द्रित छ ।

**तालिका ६: मानवजन्य मलमूत्रको व्यवस्थापनको रणनीतिक खाका**

| रणनीतिक क्षेत्र | रणनीति | जिम्मेवारी |
|---|---|---|
| **सबै परिसरहरूमा (घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरू)** | | |
| **क)** मल खाडल (सेप्टिक ट्याङ्क, पिट) को निर्माण दक्ष कामदारद्वारा गर्ने । | ✓ नगरपालिकाले तोकेको मापदण्ड अनुसार मल खाडल (सेप्टिक ट्याङ्क, पिट) निर्माण गर्ने । | ✓ घरमूली, विद्यालय प्रशासन, स्वास्थ्य संस्था प्रमुख र नगरपालिका । |
| **ख)** झिंगा वा अन्य जनावरहरु मार्फत शौचालयको मलमूत्र मानिसको सम्पर्कमा नआउने र यसले सतह वा भूमिगत पानीलाई प्रदूषित गर्न नसक्ने गरी मल खाडल (सेप्टिक ट्याङ्क, पिट) मा जम्मा गर्ने । | ✓ नगरपालिकाद्वारा स्वीकृत डिजाइनको प्रयोग गरी मल खाडल (सेप्टिक ट्याङ्क, पिट) निर्माण र स्तरोन्नति गर्ने । | |
| **ग)** झिंगा वा अन्य जनावरहरु मार्फत शौचलयको फोहोर मानिसहरुको सम्पर्कमा नआउनका लागि र यसले भूमिगत तथा सतहको पानीलाई पनि प्रदूषण नगर्ने गरी मल खाडल (सेप्टिक ट्याङ्क, पिट) को उचित रुपमा निर्माण तथा प्रयोग गर्ने । | ✓ नगरपालिकाको मापदण्ड अनुसार मल खाडल (सेप्टिक ट्याङ्क, पिट) प्रयोग गर्ने बारेमा जनचेतना बढाउने र उत्प्रेरित गर्ने । | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, समुदायमा आधारित संघ/संस्था, सरसफाइ च्याम्पियन आदि । |
| **समयमै र सुरक्षित तरिकाले मल खाडल (सेप्टिक ट्याङ्क, पिट) खाली गर्ने:** | | |
| **क)** मल खाडल (सेप्टिक ट्याङ्क, पिट) मा रहेको मानवजन्य मलमूत्र ३ देखि ५ वर्ष भित्रमा वा जमिन बाहिर आउनु अघि वा वातावरणको सम्पर्कमा आउनु अघि नै प्रभावकारी र सुरक्षित रुपमा खाली गर्ने । | ✓ मल खाडल (सेप्टिक ट्याङ्क, पिट) समयमै खाली गर्ने बारे जनचेतना बढाउने । | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, समुदायमा आधारित संघ/संस्था, सेवा प्रदायक, सरसफाइ च्याम्पियन आदि । |
| **ख)** मल खाडल (सेप्टिक ट्याङ्क, पिट) सफा गर्न र प्रयोगकर्ता | ✓ प्रोटोकलहरूमा अभिमुखीकरण | |

| | | |
|---|---|---|
| तथा मल खाडल नजिक रहेका व्यक्तिहरूलाई सुरक्षित राख्न उपयुक्त प्रोटोकलहरूको प्रयोग । | | |
| **ग)** सफाइकर्मीहरुले सफाइको काम गर्दा उपयुक्त सुरक्षाका उपायहरु अपनाउने । | ✓ सुरक्षा उपायहरूका बारेमा अभिमुखीकरण तालिम दिने । | |
| **घ)** मल खाडल (सेप्टिक ट्याङ्क, पिट) खाली गर्दा सबै सफाइकर्मीहरूले व्यक्तिगत सुरक्षाका सामग्रीहरु (PPE) प्रयोग गर्ने । | ✓ व्यक्तिगत सुरक्षाका सामग्रीहरुको व्यवस्था गर्ने ।<br>✓ व्यक्तिगत सुरक्षाका सामग्रीहरु (PPE) प्रयोग गर्ने बारेमा अभिमुखिकरण तालिम दिने । | ✓ नगरपालिका, सेवा प्रदायक । |
| **ङ)** कीटाणु रहित सरसफाइ सामग्री र साबुन पानीले हात धुने व्यवस्था । | ✓ कीटाणु रहित सरसफाइका सामग्री, साबुन पानीको प्रयोग बारे सचेत गराउने । | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, समुदायमा आधारित संघ/संस्था, सेवा प्रदायक, सरसफाइ च्याम्पियन आदि । |
| **च)** बाहिरबाट नै सफा वा खालि गर्न सकिने मल खाडल ( सेप्टिक ट्याङ्क, पिट) बनाउने । | ✓ नगरपालिकाले तोकेको मापदण्ड अनुसार मल खाडल (सेप्टिक ट्याङ्क, पिट) निर्माण गर्ने ।<br>✓ यान्त्रिक विधिद्वारा मल खाडल खालि गर्ने बारेमा अभिमुखिकरण दिने । | ✓ नगरपालिका, सेवा प्रदायक । |
| **सुरक्षित ढुवानी** | | |
| **क)** मानवजन्य मलमूत्र नचुहिने /नपोखिने गरी सुरक्षित रुपमा नगरपालिकाद्वारा तोकिएको स्थानमा ढुवानी र विसर्जन गर्ने । | ✓ उपयुक्त (विशेष) सवारी साधनको खरीद र मर्मत सम्भार ।<br>✓ विसर्जनको लागि तोकिएको स्थान (ट्रेंचिंग साइट) को बारेमा अभिमुखिकरण दिने । | ✓ नगरपालिका, सेवा प्रदायक । |
| **मानवजन्य मलमूत्रको सुरक्षित रुपमा प्रशोधन, विसर्जन र पुनः प्रयोग** | | |
| **क)** चुहावट वा जमिन बाहिर ननिस्कने उचित मानवजन्य मलमूत्र जम्मा गर्ने खाडल ( ट्रेंचिंग साइट) । | ✓ मल खाडलकको न्यूनतम मापदण्ड र यसको मर्मतका लागि विधि र प्रविधिहरूका बारेमा अभिमुखीकरण दिने । | ✓ नगरपालिका, सेवा प्रदायक । |
| **ख)** भूमिगत जलस्रोतलाई असर नपर्ने गरि परिसरमा नै बन्द खाडल (मानवजन्य मलमूत्र | ✓ विसर्जन र प्रशोधन गर्न तोकिएको मानवजन्य मलमूत्र | |

| | | |
|---|---|---|
| जम्मा गर्ने खाडल) मा मानवजन्य मलमूत्र विसर्जनको व्यवस्थापन गर्ने । | जम्मा गर्ने खाडल (ट्रेंचिंग साइट) स्थलको स्तरोन्नति ।<br>✓ मानवजन्य मलमूत्र प्रशोधन केन्द्रको लागि उपयुक्त स्थानको पहिचान, जस्तै: भूमिगत पानीको स्रोतबाट टाढा आदि ।<br>✓ मानवजन्य मलमूत्र प्रशोधन केन्द्रको निर्माण । | |
| **ग)** भूमिगत जलस्रोतलाई असर नपर्ने गरि र अन्य अनावश्यक व्यक्तिहरू जान नपाउने गरि मानवजन्य मलमूत्र प्रशोधन केन्द्रलाई सुरक्षित गर्ने । | ✓ मलमूत्र प्रशोधन केन्द्रलाई सुरक्षाको दृष्टिकोणले वरिपरि बार लगाउने । | |
| **घ)** प्रशोधन गरिएको मानवजन्य मलमूत्र, मलको रुपमा पुन: प्रयोग गर्ने । | ✓ मानवजन्य मलमूत्रको प्रशोधनका बारेमा तालिम तथा अभिमुखिकरण । | |
| **सवै घरधुरीहरुमा** | | |
| **क)** शौचालय निर्माण वा स्तरोन्नति गर्दा, यसलाई प्रयोगकर्ता मैत्री र सबैका लागि पहुँच योग्य बनाउने कुराको निर्णय प्रक्रियामा घरधुरीका सबै सदस्यहरूको संलग्नता र सहभागिता । | ✓ शौचालय निर्माण वा स्तरोन्नति गर्दा निर्णय लिने क्रममा घरधुरीका सबै सदस्यहरूको सहभागिताको महत्त्वबारेमा जनचेतना दिने । | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, समुदायमा आधारित संघ/संस्था, महिला तथा युवा समूह, महिला स्वयंसेवीका, शिक्षक, सामुदायीक स्वयंसेवक/परिचालक, सरसफाइ च्याम्पियन आदि । |
| **कार्यान्वयन क्षेत्र:** घरदैलो कार्यक्रम, माइकिङ, आम संचारका माध्यमबाट सूचनाको प्रचार प्रसार, व्यवहार परिवर्तनका सामग्री, घरदैलो भेटघाट कार्यक्रममा प्रदर्शनका साथै घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरुमा प्रभावकारी अभिमुखीकरण कार्यक्रमहरू मध्ये सबै भन्दा बढि प्रभावकारी (हरु) लाई अनुसरण गर्ने । | | |

## ३.४. रणनीतिक केन्द्रिकृत क्षेत्र ४: शौचालयमा पहुँच

सरसफाइले शौचालयको पहुँच, प्रयोग र मर्मतमा ध्यान केन्द्रित गर्दछ र शौचालय सुविधाहरूको मर्मतमा लैङ्गिक भूमिकाका साथै खुल्ला दिसामुक्त र फोहोरमैला सम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्दछ ।

### तालिक ७: शौचालमा पहुँच, प्रयोग र मर्मत सम्भारको रणनीतिक खाका

| रणनीतिक क्षेत्र | रणनीति | जिम्मेवारी |
|---|---|---|
| **सबै परिसरहरूमा (घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरू)** | | |
| **क)** पर्याप्त गोपनीयता सहित प्रयोगकर्ता मैत्री शौचालय । | ✓ नगरपालिकाले तोकेको मापदण्ड अनुसार प्रयोगकर्ता मैत्री शौचालय निर्माण गर्ने ।<br>✓ प्रयोगकर्ता मैत्री शौचालयहरूका बारेमा जनचेतना बढाउने । | ✓ घरमूली, विद्यालयका प्रधान अध्यापक, स्वास्थ्य संस्था प्रमुख र नगरपालिका ।<br>✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, समुदायमा आधारित संघ/संस्था, महिला तथा युवा समूह, महिला स्वास्थ्य स्वयंसेवीका, शिक्षक, सामुदायीक स्वयंसेवक/परिचालक, सरसफाइ च्याम्पियन आदि । |
| **ख)** भिंगा वा अन्य जनावरहरु मार्फत शौचालयको मलमूत्र मानिसको सम्पर्कबाट टाढा रहने गरी र मलमूत्रले सतह वा भूमिगत पानीलाई प्रदूषित गर्न नसक्ने गरी सुधारिएको शौचलय । | ✓ सुधारिएको शौचालयको निर्माण र स्तरोन्नति गर्ने ।<br>✓ प्रयोगकर्ता मैत्री शौचालयहरू बारे जनचेतना बढाउने । | |
| **ग)** भूमिगत वा सतहको पानीलाई प्रदूषण गर्न नसक्ने गरी व्यवस्थित रुपमा मानवजन्य मलमूत्र भण्डारण र सङ्कलन गर्न सकिने शौचालय । | ✓ शौचालयको निर्माण र स्तरोन्नति गर्ने ।<br>✓ सुधारिएको शौचालयको प्रयोगबारे जनचेतना अभिवृद्धि गर्ने । | |
| **घ)** शौचालयको फोहोरमैलाले भूमिगत वा सतहको पानीलाई प्रदूषित नगर्ने । | ✓ सुधारिएको शौचालयको निर्माण र स्तरोन्नती गर्ने ।<br>✓ सुधारिएको शौचालयको प्रयोग बारे जनचेतना बढाउने । | |
| **ङ)** शौचालयमा पर्याप्त पानीको उपलब्धता । | ✓ पर्याप्त पानीको व्यवस्था सुनिश्चित गर्ने ।<br>✓ शौचालय भित्र पर्याप्त पानीको उपलब्धताको लागि प्रोत्साहन गर्ने । | |
| **च)** शौचालय भित्र वा नजिकै (५ मिटर दूरी भित्र) साबुन पानी सहित हात धुने स्थानको व्यवस्था । | ✓ शौचालय भित्र वा नजिकै साबुन पानीले हात धुने स्थानको निर्माण गर्ने (५ मिटरको दूरीमा) । | ✓ नगरपालिका । |
| **छ)** शौचालय भित्र विर्को वा ढक्कन सहितको भाँडो ( कन्टेनर) राख्ने । | ✓ शौचालय भित्र ढक्कन सहितको भाँडो (कन्टेनर) | ✓ घरमूली, विद्यालयका प्रधान अध्यापक, स्वास्थ्य संस्था प्रमुख र नगरपालिका । |

| | | |
|---|---|---|
| | को प्रयोग गर्न प्रोत्साहन गर्ने । | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, समुदायमा आधारित संघ/संस्था, महिला तथा युवा समूह, महिला स्वास्थ्य स्वयंसेवीका, शिक्षक, सामुदायीक स्वयंसेवक/परिचालक, सरसफाइ च्याम्पियन आदि । |
| ज) शौचलय सफा गर्ने सामग्री र महिनावारी स्वच्छताका सामग्रीहरू प्रयोग गरिसके पछि खुला ठाउँमा नराख्ने । | ✓ सरसफाइ र महिनावारी स्वच्छताका सामग्रीको उचित प्रयोगको बारेमा जनचेतना बढाउने । | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, समुदायमा आधारित संघ/संस्था, महिला तथा युवा समूह, महिला स्वास्थ्य स्वयंसेवीका, शिक्षक, सामुदायीक स्वयंसेवक/परिचालक, सरसफाइ च्याम्पियन आदि । |
| **घरधुरीहरु** | | |
| क) शौचालय निर्माण वा स्तरोन्नति गर्दा यसलाई प्रयोगकर्ता मैत्री बनाउन सबै घरधुरीका सदस्यहरूको संलग्नता र सहभागिता । | ✓ शौचालय निर्माण वा स्तरोन्नति गर्ने निर्णय लिने क्रममा घरधुरीका सदस्यहरूको सहभागिताको महत्त्व बारे जनचेतना बढाउने । | ✓ नगरपालिका, निर्वाचित जनप्रतिनिधि, वास समिति, समुदायमा आधारित संघ/संस्था, महिला तथा युवा समूह, महिला स्वास्थ्य स्वयंसेवीका, शिक्षक, सामुदायीक स्वयंसेवक/परिचालक, सरसफाइ च्याम्पियन आदि । |
| ख) हप्तामा कम्तिमा एक पटक केमिकलले शौचालय सफा गर्ने । | ✓ शौचालयलाई राम्ररी सफा गर्ने र सफा गर्ने सामग्री कसरी प्रयोग गर्ने भन्ने बारे ज्ञान दिने । | |
| ग) पर्याप्त गोपनीयता सहित व्यवस्थित शौचालय । | ✓ ढोका वा पर्दाद्वारा बन्द गर्न सकिने पर्याप्त गोपनीयता सहित व्यवस्थित र सफा शौचालय प्रयोगको बारेमा ज्ञान दिने । | |
| **विद्यालय र स्वास्थ्य संस्थाहरु** | | |
| क) विद्यालय र स्वास्थ्य संस्थामा लैङ्गिक आधारमा छुट्टा-छुट्टै शौचालयको व्यवस्था । | ✓ लैङ्गिक आधारमा छुट्टा-छुट्टै शौचालय निर्माण गर्ने । | ✓ विद्यालयका प्रधान अध्यापक, स्वास्थ्य संस्था प्रमुख र नगरपालिका । |
| ख) शौचालय दिनमा कम्तीमा दुई पटक सफा गर्ने । | ✓ दिनमा कम्तिमा दुई पटक शौचालय सफा गर्नुको महत्त्वबारे ज्ञान दिने । | ✓ विद्यालय प्रशासन, स्वास्थ्य संस्था प्रमुख । |
| **कार्यान्वयन क्षेत्र:** घरदैलो कार्यक्रम, माइकिङ, आम संचारका माध्यमबाट सूचनाको प्रचार प्रसार, व्यवहार परिवर्तनका सामग्री, घरदैलो भेटघाट कार्यक्रममा प्रदर्शनका साथै घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरुमा प्रभावकारी अभिमुखीकरण कार्यक्रमहरू मध्ये सबै भन्दा बढि प्रभावकारी (हरु) लाई अनुसरण गर्ने । | | |

## ३.५. रणनीतिक क्षेत्र ५: नीति निर्माण र प्रशासन

यो रणनीतिक क्षेत्र वास सम्बन्धी सुशासन सुधार गर्न प्रशासनिक निर्णयहरुमा आधारित नीति, कार्यक्रम, दिशानिर्देश र निर्देशिका आदिको निर्माणमा केन्द्रित छ र आवश्यक बजेट पनि विनियोजन गरिएको छ।

**तालिका ८: नीति तर्जुमा र प्रशासनिक रणनीतिक खाका**

| रणनीतिक क्षेत्र | रणनीति | क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|---|
| क) वास सम्बन्धी नीति प्रावधानहरू तर्जुमा गरी वार्षिक कार्य योजनामा समावेश गरी आवश्यक बजेट विनियोजन गरिएको।<br>ख) दिशानिर्देश, निर्देशन, प्रोटोकल, मापदण्ड, आदि नगरपालिका सभामा अनुमोदन गरिएको। | ✓ नगरपालिका अधिकारीहरू वास का साथै यसका SDG सूचकहरू, वास पूर्वाधारको स्थिति र नगरपालिका स्तरमा सुविधाहरू बारेमा जानकार भएको।<br>✓ वास प्राथमिकता क्षेत्रहरू पहिचान गर्ने।<br>✓ नगरपालिका भित्रका वडाहरुका लागि आवश्यक नीति तथा कार्यक्रम बारे वडा तथा नगरपालिकाका पदाधिकारीहरु जानकार भएको।<br>✓ नगरपालिकाको नगरसभामा सम्बन्धित नीति तथा कार्यक्रम प्रस्तुत गर्ने।<br>✓ वास सम्बन्धि विभिन्न दिशानिर्देश, निर्देशन, निर्देशिका तथा मापदण्डहरू आदि बनाउने। | ✓ अनुसन्धान प्रतिवेदनहरू, आवधिक प्रतिवेदनहरू, वासमा संचार माध्यममा प्रकाशित र प्रसारित समाचारहरू अध्ययन गर्ने।<br>✓ वास सरोकारवालाहरूसँग परामर्श गर्ने।<br>✓ वडा र नगरपालिका अधिकारीहरूले आवधिक बैठकहरू र प्रत्येक वडाको प्राथमिकता, नीति र कार्यक्रमहरूमा छलफल गर्ने।<br>✓ वासको सान्दर्भिक नीतिहरूको खाका तयार पार्ने।<br>✓ विभिन्न दिशानिर्देशहरू, निर्देशनहरू, प्रोटोकलहरू तयार गर्न स्रोत व्यक्तिहरू संलग्न गराउने। | ✓ नगर प्रमुख, उप-प्रमुख र वडाका निर्वाचित जनप्रतिनिधिहरु। |

# ४. रचनात्मक रणनीति

यस रणनीति, नगरपालिकाको विद्यमान व्यवहार परिवर्तनका संचारका प्रयासमा आधारित छ। खडक नगरपालिकाले यो रणनीतिलाई कार्यान्वयन गर्नका लागि आफूसँग भएका स्रोतका साथै अन्य सहयोगी संस्थाहरुबाट प्राप्त स्रोतहरुलाई पनि परिचालन गर्नेछ। आगामी ४ वर्ष (२०२३ देखि २०२६ सम्म) कार्यान्वयनको क्रममा आएका थप चुनौतिहरुलाई सम्बोधन गर्न आवश्यकता अनुसार रणनीतिलाई परिमार्जन गरिनेछ।

## ४.१ सृजनात्मक प्रकृया

रणनीतिको कार्यान्वयनको लागि सरोकारवालाहरुको व्यापक सहयोग जुटाउन घरधुरी, परिवार, समुदाय, स्थानीय सरकार र सरोकारवालाहरुको ध्यानाकर्षण जरुरी हुन्छ। यस रणनीतिलाई अंग्रेजीमा **#Happy, Healthy City** र नेपालीमा **#सुखी, स्वस्थ शहर** नामाकरण गरिएको छ। तालिका ९ मा SNV ले गरेको सरसफाइमा विद्यमान बानी व्यवाहार सम्बन्धी अनुसन्धानबाट पहिचान गरिएका मुख्य व्यवहारका बाधकतत्व तथा व्यवहार परिवर्तनको लागि आवश्यक पर्ने प्रेरक तत्वहरुको विवरण प्रस्तुत गरिएको छ।

**तालिका ९: सरसफाइको मुख्य व्यवहारका अवरोध र प्रेरक तत्वहरू**

| व्यवहारहरू | सरसफाइ: सबैको शौचालयमा पहुँच, सरसफाइ सुविधाहरूको स्वच्छ रुपमा प्रयोग। |
|---|---|
| बाधक तत्वहरू | • खडक नगरपालिकाका शौचालय भएका घरधुरी मध्ये १४% घरधुरीमा १० मिटर भित्र हात धुने स्थानको सुविधा नभएको।<br>• प्रयोगकर्ता मैत्री शौचालय बनाउन महँगो हुने धारणा भएको।<br>• प्रयोगकर्ता मैत्री शौचालयका लागि प्राविधिक विकल्पहरूको बारेमा मानिसहरूमा ज्ञानको कमी।<br>• शौचालय मर्मत सम्भारमा कम प्राथमिकता दिने गरेको।<br>• शौचालय निर्माण गर्दा अपाङ्गता भएका घरपरिवारका सदस्यहरूको विचारलाई ध्यानमा नराखिएको।<br>• शौचालयको सरसफाइ महिलाहरूले नै गर्नुपर्छ भन्ने सामाजिक मान्यता भएको हुनाले सो कार्य महिलाहरूले वहन गर्ने गरेको। |
| प्रेरित गर्ने कारक तत्वहरू | घरधुरी:<br>• लक्षित वर्गहरु: घरमूली, आमा, बुबा, हेरचाहकर्ताहरू<br>• घृणा: दुर्गन्धित र फोहोर शौचालय भएको घर, आफू र अरुका लागि पनि अस्वच्छ हुन्छ। |

| | |
|---|---|
| | <ul><li>**आवद्धता:** सफा र स्वच्छ शौचालयको प्रयोगले आफूलाई स्वच्छ र स्वस्थ समुदायको हिस्सा बन्न मद्दत गर्न सक्छ ।</li><li>**पालनपोषण:** प्रयोगकर्ता मैत्री शौचालय बनाउँदा सबैलाई सहज हुनुको साथै र हरेक दिन सफा गर्नाले आफ्नो परिवार, प्रियजन तथा बालबच्चाहरूलाई रोगहरूको जोखिमबाट जोगाउँछ ।</li><li>**सामाजिक प्रतिष्ठा:** सफा र स्वच्छ शौचालयको प्रयोगले शहरमा तपाईंको सामाजिक प्रतिष्ठा बढाउन सक्छ ।</li><li>**सहजता:** अपाङ्गता भएका व्यक्ति, परिवारका वृद्ध सदस्य तथा पाहुनाले प्रयोगकर्ता मैत्री, सफा र स्वच्छ शौचालय प्रयोग गर्न सधैं सहज मान्दछन् ।</li></ul>**विद्यालय:**<br>**लक्षित वर्गहरू: विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, कर्मचारीहरू**<ul><li>**डर:** फोहोर शौचालयले विद्यालयमा विभिन्न कीटाणुबाट रोग फैलाउन सक्छ ।</li><li>**आवद्धता:** शहरका अन्य विद्यालयका विद्यार्थी तथा कर्मचारीहरूले सफा र स्वच्छ शौचालयको प्रयोग गर्छन् । उनीहरु जस्तै आफूले पनि सफा र स्वच्छ शौचालयको प्रयोग गरेर निरोगी र स्वस्थ भई समुदायमा घुलमिल हुन सकिन्छ ।</li><li>**सामाजिक प्रतिष्ठा:** सफा र स्वच्छ शौचालयको व्यवस्था भएका विद्यालयहरूलाई समुदायमा प्रसंशा गरिन्छ ।</li></ul>**स्वास्थ्य संस्थाहरू**<br>**लक्षित वर्गहरू: स्वास्थ्य कार्यकर्ता, सेवाग्राही**<ul><li>**डर:** शौचालय स्वच्छ र सरसफाइ नगर्दा स्वास्थ्य संस्थाबाटै पनि समुदायमा रोग फैलिन सक्छ ।</li><li>**सामाजिक प्रतिष्ठा:** स्वच्छताका राम्रा अभ्यासहरू सिक्नको लागि प्रेरणाको स्रोतको रूपमा समुदायका मानिसहरूले स्वास्थ्य संस्थालाई लिने गर्दछन् ।</li></ul> |

### तलिका १०: स्वच्छताको लागि मुख्य व्यवहारको बाधक र प्रेरकतत्वहरू

| व्यवहारहरू | स्वच्छताः महिनावारी स्वच्छता व्यवस्थापन सहित जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने |
|---|---|
| बाधक तत्वहरू | • विद्यालय र स्वास्थ्य संस्थाहरूमा हात धुने स्थानको अभाव भएको ।<br>• मानिसहरूमा हात धुनु पर्छ भन्ने ज्ञान भएता पनि उनीहरू जोखिमपूर्ण समयमा साबुन पानीले हात धुन बिर्सने गरेको ।<br>• विभिन्न समुदायमा अझै पनि महिनावारीलाई सामाजिक लाञ्छनाको रुपमा हेरिएको।<br>• महिलाहरूले अझै पनि आत्मविश्वासका साथ महिनावारी व्यवस्थापनको लागि सामग्री किन्न नसकेको र यसबारेमा कुरा पनि गर्ने नगरेको ।<br>• किशोरी तथा महिलाहरुमा सुरक्षित र स्वच्छ महिनावारी सम्बन्धि आधारणाको अभाव भएको ।<br>• महिनावारीको लागि सबै विद्यायलमा राम्रो पूर्वाधारको पहुँच नभएको ।<br>• ४% घरधुरीले पुनः प्रयोग गरिने प्याड (कपडा) राम्ररी घाममा सुकाउदैनन् ।<br>• ६२% घरधुरीले आधुनिक स्यानेटरी प्याड प्रयोग नगरेको ।<br>• १४% घरधुरीमा सुरक्षित महिनावारी स्वच्छता व्यवस्थापनमा पहुँच नहुनुको साथै प्रयोग गरिएका प्याडको सुरक्षित विसर्जनका लागि समस्या । |
| प्रेरित गर्ने कारक तत्वहरू | **घरधुरीः**<br>**लक्षित वर्गहरूः आमा, बुवा, हेरचाहकर्ता, महिनावारी उमेरका किशोरी तथा महिला र पारिवारका अन्य सदस्यहरू**<br>• **डरः :** हात नधुँदा परिवारका सदस्यहरूलाई रोगहरू लाग्न सक्छ । राम्रोसँग साबुन पानीले हात धुने बानीले रोग लाग्न र सर्नबाट बचाउँछ । उचित महिनावारी स्वच्छताको व्यवस्थापन नगर्नाले महिनावारीको समयमा किशोरीहरूलाई घर तथा विद्यालयमा मानसिक तनाव हुन सक्छ ।<br>• **घृणाः** फोहोर हातले खानेकुरा खाने र खुवाउनु भनेको रोगलाई निम्त्याउनु हो ।<br>• **आवद्धताः** कीटाणु नफैलिन र रोगहरूबाट बच्नको लागि सधैं साबुन पानीले हात धुने बानी बसाल्नु पर्दछ । यसो गर्नाले घरपरिवार र समुदायमा राम्रो सम्बन्ध र एकताको भावना सृजना हुन्छ । महिनावारी एक प्राकृतिक प्रकृया हो र किशोरी तथा महिलाहरूले आफ्नो महिनावारीको समयमा परिवारका सबै सदस्यहरूबाट उचित हेरचाह र माया पाउनुपर्छ ।<br>• **पालनपोषणः** जोखिमपूर्ण समयमा हात धुने अभ्यासले घरका परिवार, प्रियजनहरू र विशेषगरी साना बालबच्चाहरूलाई रोगहरूबाट जोगाउन सकिन्छ । घरमा स्वच्छताको राम्रो व्यवस्थापनले परिवारका महिला सदस्यहरूलाई महिनावारीको समयमा आत्मविश्वास बढाउन र आफ्नो हेरचाह गर्न मद्दत गर्छ ।<br>• **सामाजिक प्रतिष्ठाः** हात धुने अभ्यासलाई समाजमा महत्त्वपूर्ण व्यवहारका रुपमा मानिन्छ । साबुन पानीले हात धुने बानी गर्नाले तपाईंको परिवार एउटा नमुना परिवार हुन सक्छ जहाँबाट समुदायले महिनावारी स्वच्छता व्यवस्थापनको ज्ञान र अभ्यासहरू सिक्दछन् । |

| व्यवहारहरू | स्वच्छता: महिनावारी स्वच्छता व्यवस्थापन सहित जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने |
|---|---|
| | **विद्यालय:**<br>**लक्षित वर्गहरू: विद्यार्थी, शिक्षक, अन्य कर्मचारी, महिनावारी उमेरका किशोरी र महिलाहरू**<br>• **डर:** साबुन पानीले हात धुने बानि नगर्ने हो भने विद्यालयका विद्यार्थी र शिक्षकमा रोग सर्ने सम्भावना रहन्छ । विद्यालयमा महिनावारी स्वच्छताको उचित व्यवस्थापन नहुँदा महिनावारीको समयमा किशोरी विद्यार्थीहरूको विद्यालयमा अनुपस्थिती हुने सम्भावना रहन्छ ।<br>• **सहजता:** साबुन पानीले हात धुनाले मानिसहरूलाई सहज, स्वच्छ र फुर्तिलो महसुस गराउँछ । यदि विद्यालयहरूले महिनावारी स्वच्छता व्यवस्थापनको राम्रो सुविधा उपलब्ध गराएमा महिला शिक्षक, कर्मचारी र किशोरी विद्यार्थीहरू आफ्नो महिनावारीको समयमा विद्यालय उपस्थित हुन सहज महसुस गर्नेछन् ।<br>• **घृणा:** शौचालयको प्रयोग पछि बालबालिकाहरूले साबुन पानीले हात नधोई कक्षा कोठमा प्रवेश गर्नु वा खानेकुरा खाएको देखिनु राम्रो होईन ।<br><br>**स्वास्थ्य संस्थाहरू**<br>**लक्षित वर्गहरू: कर्मचारी, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति**<br>• **डर:** स्वास्थ्य संस्थामा आएका प्रत्येक बिरामीको स्वास्थ्य परीक्षण पछि साबुन पानीले हात धुने अभ्यास नगर्नाले अरुलाई पनि संक्रामक रोग सर्ने जोखिम हुन्छ ।<br>• **प्रेरणाको श्रोत:** समुदायका व्यक्तिहरूले सरसफाइ सम्बन्धि व्यवहार र अभ्यासहरू सिक्न र जानकारी लिनका लागि स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूलाई प्रेरणाको श्रोतको रुपमा लिने गर्दछन् । |

**तलिका ११: मानवजन्य मलमूत्र व्यवस्थापनको लागि मुख्य व्यवहारका बाधक र प्रेरक तत्वहरू**

| व्यवहारहरू | मानवजन्य मलमूत्रले भरिएको खाल्डोको स्तरोन्नती, सुरक्षित रूपमा मल खाडललाई खाली गर्ने, मानवजन्य मलमूत्रको ढुवानी, विसर्जन र पुन: प्रयोग |
|---|---|
| **बाधक तत्वहरू** | खडक नगरपालिकाले मानवजन्य मलमूत्र फोहोर प्रशोधन केन्द्र स्थापना गर्नको लागि स्थानको पहिचान गरेको छ । तर हाल मानवजन्य मलमूत्रीय फोहोर व्यवस्थापन गर्न एउटा ट्रेन्च (मानवजन्य मलमूत्र विसर्जन गर्ने खाडल) संचालन गरेको छ। नगरपालिका, पूर्व-पश्चिम राजमार्गसँग जोडिएको हुनाले राजमार्ग छेउ-छाउ बसोवास गर्ने मानिसहरुले आफ्नो सुविधाको लागि नजिकैको नगरपालिका वा निजी सेवा प्रदायकबाट पनि सेवा लिने गरिएको छ तर उचित विसर्जनको लागि उपयुक्त स्थान भए नभए निश्चित गरिएको छैन । सेवा लागत उच्च भएकोले र सेवाहरूलाई समयमै उपलब्ध गराउन नसक्नाले मानवजन्य मलमूत्र व्यवस्थापनमा चुनौतीहरू खडा भएको छ ।<br>• घरधुरीमा मानवजन्य मलमूत्रले भरिएको मल खाडल (सेप्टिक ट्याङ्क, पिट) को मर्मत सम्भार र सुरक्षित व्यवस्थापन बारेमा प्राविधिक ज्ञानको कमी । |

| व्यवहारहरू | मानवजन्य मलमूत्रले भरिएको खाल्डोको स्तरोन्नती, सुरक्षित रूपमा मल खाडललाई खाली गर्ने, मानवजन्य मलमूत्रको ढुवानी, विसर्जन र पुनः प्रयोग |
|---|---|
| | • ठूला मल खाडलहरू तुरुन्तै भरिदैनन् त्यसैले घरीघरी सफा गर्न आवश्यक पर्दैन भन्ने घरधुरीहरुको विश्वास ।<br>• केही स्थानहरूमा मानवजन्य मलमूत्रले भरिएको खाडल सफा गर्नको लागि कुनै सेवा प्रदायक नभएको ।<br>• धेरै घरधुरीहरूलाई मानवजन्य मलमूत्रले भरिएको खाडल सफा गर्ने सेवा खर्चिलो भएको ।<br>• मानवजन्य मलमूत्र व्यवस्थापन सेवाहरूको उपलब्धता र पहुँचको बावजुद अधिक सेवा लागत र समयमै सेवाहरू उपलब्ध गराउन नसकिनुले चुनौती खडा गरेको ।<br>• मानवजन्य मलमूत्रले भरिएको मल खाडल सफा गर्नको लागि कस्तो प्रकारको प्राविधिक सीप चाहिन्छ भन्ने बारे मानिसहरू अनविज्ञ भएको । |
| **प्रेरित गर्ने कारक तत्वहरू** | **घरधुरीः**<br>**लक्षित वर्गहरूः घरमूली, अन्य परिवारका सदस्यहरू**<br>• **घृणाः** गन्ध र दिसाजन्य लेदो मल खाडल (पिट, सेप्टिक ट्याङ्क) बाट बाहिर निस्कन्छ ।<br>• **सामाजिक प्रतिष्ठाः** मानवजन्य मलमूत्रको उचित व्यवस्थापन गर्नाले घर वरिपरि सफा देखिन्छ र कुनै पनि किसिमका दूषित तथा दिसाजन्य फोहोरहरू देखिदैन ।<br>• **डरः** दिसाजन्य पदार्थ मुखबाट शरीरमा गयो भने सबैलाई रोग लाग्न सक्छ ।<br>• **पालनपोषणः** बिरामी हुनबाट परिवारका सदस्यहरूलाई जोगाउन पर्छ ।<br><br>**विद्यालयः**<br>**लक्षित वर्गहरूः विद्यालय व्यवस्थापन समिति**<br>• **घृणाः** विद्यालय परिसर फोहोर र दुर्गन्धित हुनु ।<br>• **सामाजिक प्रतिष्ठाः** मानवजन्य मलमूत्रको व्यवस्थापनमा राम्रा अभ्यास भएमा अन्य विद्यालयहरूका लागि प्रेरणाको श्रोत बन्न सक्छ ।<br><br>**स्वास्थ्य संस्थाः**<br>**लक्षित वर्गहरूः कर्मचारी, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति**<br>• **घृणाः** स्वास्थ्य संस्था परिसरमा फोहोर तथा दुर्गन्ध हुनु ।<br>• **डरः :** दिसाजन्य पदार्थ मुखको माध्यमबाट शरीर भित्र गयो भने सबैलाई रोग लाग्न सक्छ र सेवाग्राहीहरू स्वास्थ्य संस्थामा आउँदैन् ।<br>• **सामाजिक प्रतिष्ठाः** वासको सबै सुविधाहरु उपलब्ध भएमा स्वास्थ्य संस्थालाई राम्रो र सफा भनेर चिनिन्छ । |

**तालिका १२: फोहोरमैला व्यवस्थापनका बाधक र प्रेरक तत्वहरू**

| व्यवहारहरू | फोहोरमैला व्यवस्थापनः कुहिने र नकुहिने फोहोरलाई स्रोतमा नै छुट्याउने । |
|---|---|
| बाधक तत्वहरू | • जथाभावी रुपमा सडक छेउ-छाउ तथा पानीको स्रोतहरुमा फोहोरमैला फाल्ने ।<br>• नगरपलिकाले उपलब्ध गराएको फोहोरमैला संकलन सेवा प्रयोग नगर्ने ।<br>• मानिसहरुमा कुहिने र नकुहिने फोहोरमैला छुट्याउनेबारे सिमित ज्ञान ।<br>• फोहोरमैला व्यवस्थापनमा कम प्राथमिकताको साथै उचित विसर्जन गर्नेबारेमा ज्ञानको कमि ।<br>• नगरपालिकाका फोहोर सङ्कलनकर्ताले घरधुरीहरुमा अनियमित रुपमा फोहोरमैला सङ्कलन गर्ने गरिएको र फोहोर सङ्कलन बेला फोहोरमैलालाई छुट्याउने नगरेको ।<br>• मानिसहरूले फोहोरमैला छुट्याउने कुरा पनि, फोहोरमैला सङ्कलनका लागि छुट्टा-छुट्टै भाँडो (कन्टेनर) को सुविधा नभएको । |
| प्रेरित गर्ने कारक तत्वहरू | **घरधुरीः**<br>**लक्षित वर्गहरूः आमा, बुवा र परिवारका अन्य सदस्यहरू**<br>• **घृणाः** घर वरपर फोहोरमैलाको अनुचित व्यवस्थापनले शहरलाई प्रदूषित गर्छ र मानिसहरूलाई संक्रामक रोग तथा यसबाट उत्पन्न हुने रसायनिक विकिरणको जोखिममा पार्छ ।<br>• **डरः** जथाभावी सडक किनारामा फोहोरमैला फाल्नाले दुर्गन्ध बढ्छ र वातावरणलाई प्रदूषित बनाउँछ जस्ले गर्दा आफ्नो तथा छिमेकीको स्वास्थ्य जोखिमपूर्ण हुन्छ ।<br>• **आवद्धताः** घरबाट निस्कने फोहोरमैलालाई उचित व्यवस्थापन गर्नाले समुदायमा सम्बन्ध र एकताको भावना सृजना गरी सबैलाई रोगहरुको जोखिमबाट जोगाउन सकिन्छ ।<br>• **पालनपोषणः** घरमा नै फोहोरमैलाको उचित व्यवस्थापनको अभ्यास गर्नाले परिवार तथा शहरमा बस्ने मानिसहरूलाई रोगहरुको जोखिमबाट जोगाउन सकिन्छ ।<br>• **सामाजिक प्रतिष्ठाः** शहरको वातावरण स्वच्छ, सुरक्षित र बस्न योग्य बनाउन प्रत्येक नगरबासीहरूको सामाजिक दयित्व हो ।<br>• **सहजताः** श्रोतमा नै फोहोरमैलाको उचित व्यवस्थापन गर्ने अभ्यासले स्थानीय प्रशासन र छिमेकीहरूबाट उत्पन्न हुने समस्यालाई कम गर्छ ।<br><br>**विद्यालयः**<br>**लक्षित वर्गहरूः कर्मचारी/शिक्षक र विद्यार्थीहरू**<br>• **घृणाः** विद्यालय परिसरमा जथाभावी रुपमा गरिएको फोहोरमैला विसर्जनले वातावरण प्रदूषित बनाउनुका साथै विद्यार्थी र शिक्षकलाई संक्रामक रोगको जोखिममा पार्छ ।<br>• **सामाजिक प्रतिष्ठाः** फोहोरमैलाको उचित व्यवस्थापनको अभ्यासले विद्यालय परिसर सफा र स्वच्छ देखिन्छ ।<br><br>**स्वास्थ्य संस्थाहरूः** |

| व्यवहारहरू | फोहोरमैला व्यवस्थापनः कुहिने र नकुहिने फोहोरलाई स्रोतमा नै छुट्याउने । |
|---|---|
| | **लक्षित वर्गहरूः कर्मचारी, स्वास्थ्य संस्था संचालक तथा व्यवस्थापन समिति**<br>● **डरः** स्वास्थ्य संस्था परिसर भित्र अव्यवस्थित रुपमा फोहोरमैलाको विसर्जनले स्वास्थ्यकर्मी लगायत त्यहाँ आउने बिरामीहरूलाई संक्रमणको अत्याधिक जोखिममा पार्छ ।<br>● **समाजिक हैसियतः** स्वास्थ्य संस्थामा उचित फोहोरमैला व्यवस्थापनको अभ्यासले संस्थालाई सफा राख्नका साथै उपचारको लागि आउने बिरामीहरूलाई सेवा प्रदान गर्न सहज बनाउँछ । |

## ४.२. संचार सन्देश बैंक- विद्यालय र घरपरिवार

तल राखिएका तालिकाहरुमा सरसफाइ, स्वच्छता, मानवजन्य मलमूत्र र फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवहार र बाधकतत्वहरूको विश्लेषणको आधारमा रचनात्मक सन्देशहरुको विकास गरिएको छ ।

**तालिका १३ः विद्यालय र घरपरिवारका लागि संचार सन्देश बैंक**

| वास क्षेत्र | फाइदाहरू |
|---|---|
| **१. साबुन पानीले हात धुने** | **साबुन पानीले हात धुनाका फाइदाहरू** |
| ● हामीले खाना खानु अघि र पछि, शौचालय प्रयोग गरेपछि, कुनै फोहोर वा दूषित वस्तुहरू छोएपछि र खेलेपछि साबुन पानीले राम्ररी हात धुनुपर्छ ।<br>● आफू र अरूलाई संक्रामक रोगहरूबाट जोगाउन जोखिमपूर्ण समयमा साबुन पानीले राम्ररी हात धुनुपर्छ । | ● साबुन पानीले राम्ररी हात धुनाले हातमा भएका फोहोर पखालिन्छन् र कीटाणुहरू मर्दछन् ।<br>● साबुन पानीले राम्ररी हात धुने बानीले हामीलाई हैजा, टाइफाईड, पखाला र कोभिड–१९ जस्ता रोगहरू लाग्नबाट बचाउँछ र स्वस्थ बनाउँछ । बालबच्चाहरु स्वस्थ रहेमा उनीहरु विद्यालय निरन्तर रुपमा जान पाउँछन् र पढाइमा राम्रो नतिजा आउँछ ।<br>● परिवारका सदस्य र विद्यार्थीहरू सफा निरोगी भएमा उनीहरुलाई समुदाय र विद्यालयमा राम्रो दृष्टिकोणले हेरिन्छ ।<br>● विद्यार्थीहरूले साबुन पानीले हात धुने र सरसफाइको अन्य अभ्यासहरु अपनाएमा एक अर्कासँग राम्रो घुलमिल हुन सक्छन् । |
| **२. शौचालयको प्रयोग** | **शौचालयको प्रयोग गर्दाको फाइदाहरू** |
| ● हामीले खुला स्थानमा दिसा पिसाव गर्नु हुँदैन शौचालय भित्रको उचित स्थान (प्यान) मा दिसा गरिसके पछि पानीले प्यानलाई राम्ररी सफा गर्नुपर्छ । | ● सफा र स्वच्छ शौचालयहरू कीटाणु रहित हुन्छन र रोगहरू फैलन पाउँदैनन् ।<br>● सफा र स्वच्छ शौचालयले वातावरणलाई दूषित बनाउदैन । |

| वास क्षेत्र | फाइदाहरू |
|---|---|
| • हामीले प्रयोग गर्ने शौचालय सधैं सफा र सुरक्षित हुनुपर्छ । शौचालयलाई सफा र स्वच्छ राख्न हामीले ब्रस, पानी र रसायनिक वस्तुहरूको प्रयोग गर्न आवश्यक हुन्छ ।<br>• हामीले प्रयोग गर्ने शौचालयहरू सधै झिंगा मुक्त हुनुपर्छ र शौचालयमा पानीको पर्याप्त व्यवस्था हुनुपर्छ । | • सफा र स्वच्छ शौचालयले व्यक्तिहरूलाई नियमित रूपमा शौचालय प्रयोग गर्न प्रोत्साहन गर्दछ । |
| **३. महिनावारी स्वच्छता** | **महिनावारी स्वच्छताको फाइदाहरू** |
| • विद्यालयमा स्यानेटरी प्याड फेर्ने कोठा, विसर्जन गर्ने ठाउँ भएको साथै स्यानेटरी प्याडहरू सधैं उपलब्ध भएको सुनिश्चित गर्नुपर्छ ।<br>• महिला तथा किशोरीहरू सफा र स्वच्छ रुपमा बस्नको लागि शौचालयमा पर्याप्त रुपमा पानी उपलब्ध हुनुपर्छ ।<br>• महिनावारीको समयमा स्यानेटरी प्याड वा सफा नरम कपडा मात्र प्रयोग गर्नु पर्दछ र हरेक ३ देखि ४ घण्टामा फेर्नु पर्दछ ।<br>• महिनावारी भएको बेलामा प्रयोग गरिएका कपडाहरू साबुन पानीले राम्ररी धोएर घाममा सुकाउनु पर्छ र कपडालाई अर्को चोटि प्रयोग गर्नको लागि सुक्खा ठाउँमा राख्नुपर्छ । | • महिनावारीको समयमा सफा र सुरक्षित वातावरण कायम गर्नाले आत्मविश्वास बढ्नुका साथै सजिलोपनको अनुभुती महसुस गराउँछ ।<br>• महिनावारी भएको बेलामा सफा कपडा र स्यानेटरी प्याडको प्रयोगले महिनावारीबाट हुन सक्ने अप्ठयारोपन घटाउनुको साथै यसबाट हुन सक्ने संक्रमणहरूबाट पनि बचाउन मद्दत गर्छ ।<br>• महिनावारी स्वच्छताको लागि सबै सेवाहरु उपलब्ध भएमा विद्यालयलाई एउटा नमुनाको रुपमा चिनाउन सकिन्छ ।<br>• विद्यालयहरूमा महिनावारी व्यवस्थापनको उचित वातावरण भएमा महिला तथा किशोरी विद्यार्थीहरूलाई महिनावारीको समयमा पनि विद्यालयमा उपस्थित हुन मद्दत पुग्छ । |
| **४. मानवजन्य मलमूत्र व्यवस्थापन** | **मानवजन्य मलमूत्र व्यवस्थापनको फाइदाहरू** |
| • मानवजन्य मलमूत्रलाई सुरक्षित रुपमा भण्डारण, सङ्कलन, ढुवानी, विसर्जन र अन्त्यमा यसको पुनः प्रयोग गर्न सकिन्छ ।<br>• निर्धारित समयमा वा सूचनाको आधारमा मानवजन्य मलमूत्रलाई सङ्कलन गर्न सकिन्छ । | • मानवजन्य मलमूत्रको उचित व्यवस्थापनले यसबाट हुन सक्ने रोग र जोखिमहरूको सम्भावनालाई कम गर्छ ।<br>• वरपरको वातावरणमा दुर्गन्ध कम गर्दछ ।<br>• मानवजन्य मलमूत्रले भरिएको खाडल उचित रूपमा खालि गर्ने, ढुवानी, र |

| वास क्षेत्र | फाइदाहरू |
|---|---|
| • रोग तथा प्रदूषणबाट जोगिनको लागि सुरक्षित र स्वच्छ मल खाडल (सेप्टिक ट्याङ्क, पिट) को निर्माण गर्नु पर्छ । | विसर्जन गर्नाले सबैको सुस्वास्थ्य सुनिश्चित गर्दछ ।<br>• मानवजन्य मलमूत्रको प्रशोधन पछि मललाई कृषि उत्पादनमा प्रयोग गरेमा उत्पादनमा वृद्धि भई आर्थिक लाभ लिन सकिन्छ । |
| **५. फोहोरमैला व्यवस्थापन** | **फोहोरमैला व्यवस्थापनको फाइदाहरू** |
| • फोहोरमैलाको व्यवस्थापनका लागि श्रोतमा बर्गीकरण, पुनः प्रयोग तथा कम गर्ने अभ्यास एक राम्रो अवधारणा हो । यसले वातावरणीय प्रदूषण कम र नियन्त्रण गर्छ ।<br>• फोहोरमैला व्यवस्थापन प्रक्रियाबारे सबैजना पर्याप्त जानकार हुनुपर्छ । | • फोहोरमैलाको उचित व्यवस्थापनले रोगहरू लाग्नबाट बचाउँछ ।<br>• फोहोरमैला व्यवस्थापनले मानव विकासको लागि स्वस्थ वातावरण निर्माण गर्नमा योगदान पुर्याउँछ ।<br>• फोहोरमैला व्यवस्थापनले वातावरणको संरक्षणमा मद्दत गर्छ । |

**तालिका १४: संचार सन्देश बैंक- स्वास्थ्य संस्था**

| वास क्षेत्र | फाइदाहरू |
|---|---|
| **१. साबुन पानीले हात धुने** | **साबुन पानीले हात धुनको फाइदाहरु** |
| • हामीले खाना खानु अघि र पछि, शौचालय प्रयोग गरेपछि, कुनै फोहोर वा दूषित वस्तुहरू छोएपछि र खेलेपछि साबुन पानीले राम्ररी हात धुनुपर्छ ।<br>• कोभिड–१९ लगायत अन्य धेरै संक्रामक रोगहरूबाट आफू र अरूलाई जोगाउन राम्ररी साबुन पानीले हात धुनु पर्दछ ।<br>• स्वास्थ्य केन्द्रमा आउने सबैलाई साबुन पानीले राम्ररी हात धुन निर्देशन दिनुपर्छ । | • साबुन पानीले राम्ररी हात धुनाले हातमा भएका फोहोर पखालिन्छन् र कीटाणुहरू मर्दछन् ।<br>• साबुन पानीले राम्ररी हात धुने बानीले हामीलाई हैजा, टाइफाइड, पखाला र कोभिड–१९ जस्ता रोगहरू लाग्नबाट बचाउँछ र स्वस्थ बनाउँछ ।<br>• साबुन पानीले हात धुनाले अरूको अगाडि आफू सफा भएको महसुस गराउँछ र आत्मविश्वास बढाउँछ । |
| **२. शौचालयको प्रयोग** | **शौचालयको प्रयोग गर्दाको फाइदाहरु** |
| • हामीले खुला स्थानमा दिसा पिसाव गर्नु हुँदैन शौचालय भित्रको उचित स्थान (प्यान) मा दिसा गरिसके पछि पानीले प्यानलाई राम्ररी सफा गर्नुपर्छ ।<br>• हामीले प्रयोग गर्ने शौचालय सधैं सफा र सुरक्षित हुनुपर्छ । शौचालयलाई सफा र स्वच्छ राख्न | • सफा र स्वच्छ शौचालयहरू कीटाणु रहित हुन्छन् । सफा र स्वच्छ शौचालयहरूबाट रोगहरू फैलन पाउँदैनन् ।<br>• सफा र स्वच्छ शौचालयले वातावरणलाई दूषित बनाउदैन । |

| वास क्षेत्र | फाइदाहरू |
|---|---|
| हामीले ब्रस, पानी र रसायनिक वस्तुहरूको प्रयोग गर्न आवश्यक हुन्छ ।<br>• हामीले प्रयोग गर्ने शौचालयहरू सँधै झिंगा मुक्त हुनुपर्छ र शौचालयमा पानीको पर्याप्त व्यवस्था हुनुपर्छ । | • सफा र स्वच्छ शौचालयले व्यक्तिहरूलाई नियमित रूपमा शौचालय प्रयोग गर्न प्रोत्साहन गर्दछ । |
| **३. मानवजन्य मलमूत्र व्यवस्थापन** | **मानवजन्य मलमूत्र व्यवस्थापनको फाइदाहरु** |
| • मानवजन्य मलमूत्रलाई सुरक्षित रुपमा भण्डारण, सङ्कलन, ढुवानी, विसर्जन र अन्त्यमा यसको पुनः प्रयोग गर्न सकिन्छ ।<br>• निर्धारित समयमा वा सूचनाको आधारमा मानवजन्य मलमूत्रलाई सङ्कलन गर्न सकिन्छ ।<br>• रोग तथा प्रदुषणबाट जोगिनको लागि सुरक्षित र स्वच्छ मल खाडल (सेप्टिक ट्याङ्क, पिट) को निर्माण गर्नु पर्छ । | • मानवजन्य मलमूत्रको उचित व्यवस्थापनले यसबाट हुन सक्ने रोग र जोखिमहरूको सम्भावनालाई कम गर्छ ।<br>• वरपरको वातावरणमा दुर्गन्ध कम गर्दछ ।<br>• मानवजन्य मलमूत्रले भरिएको खाडल उचित रूपमा खालि गर्ने, ढुवानी, र विसर्जन गर्नाले सबैको सुस्वास्थ्य सुनिश्चित गर्दछ । |
| **४. स्वास्थ्य संस्थाबाट उत्पादित फोहोरमैला व्यवस्थापन** | **स्वास्थ्य संस्थाबाट उत्पादित फोहोरमैला व्यवस्थापनको फाइदाहरु** |
| • स्वास्थ्य संस्थाहरूमा कुहिने फोहोर, पुनः प्रशोधन गर्न मिल्ने फोहोर र नष्ट गर्न पर्ने फोहोरहरु सङ्कलनको लागि छुट्टा–छुट्टै रंगका भाँडो (कन्टेनर) वा बाल्टिनहरू प्रयोग गर्नुपर्छ ।<br>• स्वास्थ्यकर्मी बस्ने कोठा र बिरामीहरूको जाँच गर्ने कोठा वा स्थान सधैं सफा राख्नुपर्छ ।<br>• स्वास्थ्य संस्था भित्र र बाहिरको वातावरण दैनिक रूपमा सफा राख्न प्रत्येक स्वास्थ्यकर्मीहरु जिम्मेवार हुनुपर्छ ।<br>• स्वास्थ्य संस्था वरपरको वातावरण सफा राख्न फोहोरमैला व्यवस्थापन प्रणाली राम्रो हुनुपर्छ र स्वास्थ्य संस्थासँग सम्बन्धित सबैले यसको प्रवर्द्धनमा सहभागी हुनुपर्छ । | • स्वास्थ्य संस्थाहरूको नियमित सरसफाइले स्वास्थ्यकर्मीहरू सहित सबै बिरामीहरूको सुस्वास्थ्य सुनिश्चित गर्दछ जसले गर्दा समाजमा स्वास्थ्यकर्मीहरूको सम्मान बढ्दछ ।<br>• सेवाग्राहीहरूले स्वास्थ्य संस्थाको वातावरण सफा र स्वच्छ अनुभव गरेमा स्वास्थ्य संस्थाले सबैमा सकारात्मक प्रभाव पार्न सक्षम हुनेछ ।<br>• फोहोरमैलाको उचित व्यवस्थापनले स्वास्थ्य संस्थालाई सफा र स्वच्छ राख्छ र सबैले सफा, स्वच्छ र रमाइलो वातावरणमा काम गर्न पाउनेछन् ।<br>• सफा वातावरणमा बस्दा सन्तुष्टि मिल्छ र अनुचित फोहोरमैला व्यवस्थापनका कारण हुने रोगहरूको जोखिमबाट बचाँउछ । |

### ४.३. रचनात्मक दिशानिर्देश

परिवर्तन गर्नु पर्ने मुख्य व्यवहारहरु, अपेक्षित परिणाम र लक्षित जनसंख्या तथा समूहकाबारेमा तालिका १५ मा प्रस्तुत गरिएको छ। साथै यस तलिकामा सूचना तथा जानकारीहरू सम्प्रेषण गर्ने जिम्मेवार व्यक्ति र संचारका माध्यमहरू तोकिएको छ।

**तालिका १५: रचनात्मक दिशानिर्देश**

| | |
|---|---|
| **ध्यान दिन पर्ने प्रमुख व्यवहार** | **विद्यालय, स्वास्थ्य संस्था र घरधुरीमा गरिने मुख्य व्यवहारहरू**<br>• **प्राथमिक व्यवहार:** परिसर स्तरमा नै फोहोरमैलाको उचित व्यवस्थापन र फोहोरमैला सङ्कलन सेवाको उपभोग।<br>• **मध्यम व्यवहार:** जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने, शौचालयको स्वच्छ प्रयोग, महिनावारी स्वच्छता व्यवस्थापन (विद्यालय), मानवजन्य मलमूत्र व्यवस्थापन।<br>*सबै स्थानहरूमा वास कार्यक्रम कार्यान्वयनका बेला कोभिड-१९ को संक्रमण प्रति संवेदनशील हुनपर्छ। कार्यक्रम कार्यान्वयनका बेला मास्क लगाउने र सामाजिक दुरी कायम राख्ने गतिविधिलाई मध्यम व्यवहारको रुपमा लिईनेछ।* |
| **अपेक्षित परिणामहरू:** | **प्राथमिक व्यवहारका परिणाम:**<br>**लक्षित नगरवासीहरूमा फोहोरमैलाको दिगो तथा उचित व्यवस्थापन**<br>• जथाभावी सडकको छेउ-छाउ र पानीको स्रोतहरुमा फोहोरमैला फाल्न बन्द गर्ने।<br>• फोहोरमैलाको उचित व्यवस्थापन र दिगोपना (फोहोरमैलालाई छुट्याउने, भण्डारण, ढुवानी र विसर्जन गर्ने)।<br>• प्रयोगकर्ताहरूद्वारा गुणस्तर ठहर गरिएका सरसफाइ, स्वच्छता र फोहोरमैला व्यवस्थापन सेवाहरू संचालन र उपलब्ध गराउने।<br>• उचित फोहोरमैला व्यवस्थापन र दिगोपना (छुट्टा-छुट्टै रगंका भाँडो (कन्टेनर) को व्यवस्थापनका साथै यसको प्रयोग गर्ने ज्ञान)।<br>• महिनावारीको समयमा प्रयोग गरिएको स्वच्छता सामग्रीहरूको उचित व्यवस्थापन र दिगोपना (व्यवस्थित रुपमा गाड्ने वा फोहोर संकलन गर्ने गाडीमा दिने)<br>• नगरपालिका वा सेवा प्रदायकहरुद्वारा उपलब्ध गराईएको फोहोरमैला संकलन सेवाको उपभोग गर्ने। |
| **लक्षित जनसंख्या र समूह** | **लक्षित समूह:**<br>• **विद्यालयहरू:** पहिचान गरिएका विद्यालयहरूका सबै विद्यार्थी, शिक्षक र कर्मचारीहरू।<br>• **स्वास्थ्य संस्थाहरू:** पहिचान गरिएका स्वास्थ्य संस्थाहरूका सबै स्वास्थ्यकर्मी ( डाक्टर, नर्स, हेरचाहकर्ताहरू), सरसफाइकर्ता तथा अन्य कर्मचारीहरू, बिरामी र सेवाग्राहीहरू।<br>• **घरधुरीहरू:** परिवारका सदस्यहरू<br>*विद्यालय, स्वास्थ्य संस्था र घरधुरीका लक्षित जनसंख्या नगरपालिकाले निर्णय गर्नेछ।* |

<table>
<tr><th></th><th></th></tr>
<tr><td>संचार सन्देशहरूको लक्षित समूहमा पहुँच</td><td>कति पटक प्रचार प्रसार तथा संचालन गर्ने ? २ पटक<ul><li>६ महिनामा कम्तिमा दुईवटा अभियानका कार्यक्रम तथा गतिविधिहरू संचालन गर्ने र यसका लागि संचार माध्यमहरुबाट सूचना प्रवाह गर्ने । कार्यक्रम र संचारमाध्यमबाट प्रसारित सूचनाहरू सबै नगरवासीहरुसम्म पुग्यो वा पुगेन भनेर मूल्याङ्कन गर्न कार्यक्रमको अन्त्यतिर एउटा मूल्याङ्कन गर्ने ।</li><li>व्यवहार परिवर्तनका पोष्टहरुको प्रयोग गरि व्यवहार परिवर्तन सुदृढिकरण गर्ने ।</li><li>९०% भन्दा बढी लक्षित समूहमा पहुँच सुनिश्चित गर्न विभिन्न माध्यमबाट बारम्बार सूचना सम्प्रेषण गर्ने ।</li><li>व्यवहार परिवर्तनसँग सम्बन्धित कार्यक्रमका सूचनाहरु घरधुरी, विद्यालय तथा स्वास्थ्य संस्थाका लक्षित समूहमा पुऱ्याउने ।</li></ul></td></tr>
<tr><td>संचार सन्देश कस्ले पुऱ्याउने ?</td><td><ul><li>विद्यालयहरू: शिक्षकहरूले वासमा केन्द्रित भएर फोहोरमैला व्यवस्थापनमा सबै शिक्षक, विद्यार्थी र कर्मचारीहरूको सहभागीतामा सरसफाइ र स्वच्छता सत्रलाई सहजीकरण र संचालन गर्नेछन् । यस सत्र संचालनको लागि सहयोग र अनुगमन नगरपालिका र साझेदार संस्थाका कर्मचारीहरूले गर्नेछन् ।</li><li>स्वास्थ्य संस्था: स्वास्थ्य संस्थाको प्रमुख र स्वास्थ्य सेवा प्रवर्द्धकले सरसफाइ र स्वच्छता सत्रलाई सहजीकरण र संचालन गर्नेछन् । यो सत्रमा स्वास्थ्य संस्थाका सबै कर्मचारी, सेवाग्राही तथा सफाइ गर्ने कर्मचारीहरू सहभागी हुनेछन् । यस सत्र संचालनको लागि सहयोग र अनुगमन नगरपालिका र साझेदार संस्थाका कर्मचारीहरूले गर्नेछन् ।</li><li>घरधुरी: सामुदायिक परिचालक र सहजकर्ताहरूले सरसफाइ र स्वच्छता सत्रलाई सहजीकरण र संचालन गर्नेछन् । यो सत्रमा घरधुरीका सबै सदस्यहरु सहभागी हुनेछन् । यस सत्र संचालनको लागि सहयोग र अनुगमन नगरपालिका र साझेदार संस्थाका कर्मचारीहरूले गर्नेछन् ।</li><li>आम संचार तथा सामाजिक संजालका माध्यमहरू: संचार योजना अनुसार विभिन्न छापा, श्रव्य, दृष्य र पोस्टरको निर्माण र प्रसारण गरिनेछ ।</li></ul></td></tr>
<tr><td>संचार सन्देश प्रवाहको माध्यम</td><td>चुनौती र अवरोधहरूको आधारमा प्रचार गर्ने सूचना तथा माध्यमको छनौट गरिनेछ । त्यस्ता माध्यमहरु निम्नलिखित हुन सक्नेछन्:<ul><li>व्यक्तिगत रुपमा : प्रत्यक्ष भेटघाट, अन्तरव्यक्ति संचारका कार्यक्रम, सरसफाइ र स्वच्छताका सत्र, समूह बैठक, सम्मेलन, नियमित बैठक, साप्ताहिक वा मासिक जमघटका गतिविधिहरू र भावनात्मक प्रदर्शन आदि ।</li><li>विद्यालय, स्वास्थ्य संस्था र घरधुरीमा पोष्टर पम्प्लेट टाँस्ने ।</li><li>आम संचार: रेडियो, टेलिभिजन र पत्रपत्रिकाहरू ।</li><li>समाजिक संजाल: फेसबुक, टिकटक, यूट्यूब, इन्स्टाग्राम आदि ।</li></ul></td></tr>
<tr><td>कार्यक्रम कार्यान्वयन कसरी गरिन्छ?</td><td>फोहोरमैला व्यवस्थापन कार्यन्वयनको लागि नगरपालिकाले विद्यमान फोहोरमैला व्यवस्थापन सम्बन्धि गतिविधिको साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा सफल प्रमाणित भएका गतिविधिहरूको समीक्षा गरिनेछ र यसैको आधारमा रचनात्मक रुपमा प्याकेजको पुन: डिजाइन गरिनेछ ।</td></tr>
</table>

| | |
|---|---|
| **सृजनात्मक टोली वा समूहमा को-को हुन सक्छन्?** | **नगरपालिकाका टोली, SNV का टोली र सृजनात्मक समूहरू**<br>(सृजनात्मक टोलीमा कुशल व्यक्तिहरू समावेश हुन्छन् । जस्तै, कलाकार, डिजाइनर, कथाकार, लेखक, व्यवहार परिवर्तन विशेषज्ञ, वास तथा स्वास्थ्य विज्ञ, लक्षित जनसंख्याका प्रतिनिधि, रचनात्मक चिन्तक, नवीन योजनाकार, सामाजिक बजारिकरण विज्ञ आदि ।) |
| **सरसफाइ, मानवजन्य मलमूत्र र फोहोरमैला व्यवस्थापनको ब्राण्डिङ्ग** | **पहिचान/नामः** "सुखी, स्वस्थ शहर"<br>(विद्यालय, स्वास्थ्य संस्था र घरधुरी)<br>**नाराः** मेरो खडक, मेरो पहिचान ।<br><br>**लोगोः** |
| **प्रयोग गरिने साझा प्रेरणा** | **घृणाः** फोहोर हात, फोहोर वातावरण र अस्वच्छ व्यवहार अपनाउँदा घृणा महसुस हुने भावनासँग सम्बन्धित छ ।<br>**आबद्धताः** सबैले स्वच्छताको उचित व्यवहार अपनाउँदा निकटता र विनम्रताको भावना महसुस गर्नुलाई यसले बुझाउँछ ।<br>**पालनपोषण-** यसले मानिसको उज्वल भविष्य, आफ्नो बच्चाको जीवनको रक्षा तथा सम्पूर्ण व्यक्तिको भविष्यको रक्षा गर्ने चाहना तथा ईच्छालाई बुझाउँछ ।<br>**सामाजिक प्रतिष्ठा-** यसले स्वच्छताको उचित व्यवहार अपनाईएको खण्डमा समाजमा आफ्नो प्रतिष्ठा र गर्व तथा समाजबाट पाउने सम्मानलाई बुझाउँछ । साथै यसले समाजमा उदाहरणीय व्यक्तित्व बन्न सक्ने सम्भावनालाई पनि बुझाउँछ ।<br>**सहजता-** स्वच्छताका व्यवहारहरू अभ्यास गरेर महसुस गरेको सजिलोपनाले, आत्मविश्वास र स्वच्छताको भावनालाई बुझाउँछ ।<br>**डरः** रोगहरू प्रतिको डरसँग सम्बन्धित छ ।<br>*हरेक प्रचारात्मक गतिविधिहरू यस्ता भावनाका आधारमा बनाईने छन् र कार्यान्वयन गरिने छन् ।* |
| **प्याकेज बनाउन वा योजना गर्नका लागि प्रमाण र प्रक्रियाहरू** | • रणनीति योजनामा लेखिएका स्थिति विश्लेषण ।<br>• नेपालमा उपलब्ध प्याकेजहरूको समीक्षा गर्ने ।<br>• धेरै रुचाइएको र प्रभावकारी साबित भएका अन्य देशका गतिविधिहरूको समीक्षा गर्ने र त्यसपछि त्यस गतिविधिहरूलाई स्थानीय मान्यताको आधारमा बनाउने ।<br>• नयाँ विचारहरू उत्पन्न गर्न र प्याकेजलाई अन्तिम रूप दिन रचनात्मक सोच तथा प्रक्रियाहरु अपनाउने ।<br>• परीक्षणको लागि मापदण्ड पूरा भएको प्याकेज बनाउने । |
| **गुणस्तर र समावेशीकरण** | • मापदण्ड पूरा भएको प्याकेज, औजार तथा सामग्रीहरू<br>• प्रसार र कार्यान्वयनको लागि तोकिएको संख्याः ६ पटक ।<br>• विभिन्न माध्यमहरूबाट सम्प्रेषण गर्ने ।<br>• कार्यान्वयनकर्ताको क्षमता अभिवृद्धि (प्रवर्द्धकहरूलाई कम्तीमा ३ दिने तालिम)<br>• कार्यक्रम सत्रको योजना र गाइड (मार्गदर्शक) । |

| | |
|---|---|
| | *योजना र कार्यान्वयन विधि समावेशी तथा लैङ्गिक संवेदनशील हुनेछ । यसले महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत र जोखिममा परेका व्यक्तिहरूको आवश्यकतालाई समावेश गर्नेछ । यस्ता कार्यक्रमले महिलाहरुको सशक्तिकरण गर्दै लानेछ ।* |
| **गतिविधिहरूमा नौलोपना** | मानिसहरूलाई आकर्षित गर्न र उत्प्रेरित गर्न प्याकेज निर्माण गरिने छ र तल उल्लेखित तीनैवटा पक्षहरू समेट्न आकर्षक र अन्तरक्रियात्मक गतिविधिहरू समावेश गरिनेछ ।<br>१) मानिसहरूको सोच परिवर्तन गरेर उत्प्रेरित गरिनेछ। त्यसैले उनीहरूको प्रेरणालाई गतिविधिमा प्रयोग गर्न आवश्यक छ ।<br>२) व्यवहार परिवर्तनलाई प्रभाव पार्ने सामग्रीहरू राखिनेछ। उदाहरणका लागि कुहिने र नकुहिने फोहोरमैलाको लागि निश्चित स्थानहरुमा छुट्टा–छुट्टै रंगका कन्टेनरहरु राख्ने ।<br>३) व्यवहारसँग सम्बन्धित सामाजिक मान्यताहरू परिवर्तन गर्ने । प्रत्येक लक्षित व्यवहारको लागि मापदण्ड तथा चाहनाहरुको सृजना गर्ने; जस्तैः प्रतिस्पर्धाको घोषणा गर्ने र पुरस्कार जित्नको लागि उचित व्यवहार अपनाउने भनेर उत्प्रेरित गर्ने ।<br>*नोटः यी कुराहरूलाई ध्यानमा राखेर गतिविधिहरू पहिचान गर्नुपर्दछ । यी कुराहरूसँग तालमेल नभएका गतिविधिहरूलाई योजनामा समावेश गरिने छैन ।* |
| **याद गर्नु पर्ने प्रमुख पक्षहरू** | • तालिम र अभिमुखीकरण जस्ता सामान्य कार्यक्रमहरु मात्र संचालन नगरी नयाँ प्रकारका कार्यक्रमहरु संचालन गर्ने ।<br>• डर पैदा नगर्ने ।<br>• पम्प्लेट र पर्चाहरू मात्र वितरण नगर्ने ।<br>• कार्यक्रम वा गतिविधिहरूको अन्त्य पछि मुख्य व्यवहारहरू फेरी सम्झाउने ।<br>• नसिकाउने तर अभियानलाई थप आकर्षक, सहभागितामूलक र रमाइलो बनाउने ।<br>• प्याकेजमा प्रभावाकारी सूचनाहरू समावेश गर्ने ।<br>• प्रत्येक सत्रको लागि छुट्टै योजनाहरू विकास गर्ने । |

## ४.४. रचनात्मक ढांचा अनुसारको कार्यक्रम तथा क्रियाकलापहरु

**परिकल्पना:** खडक नगरपालिकामा खानेपानी, सरसफाइ र स्वच्छतामा सामाजिक परिवर्तन भई समाज परिवर्तन भएको छ । नगर वरिपरि जथाभावी दिसाजन्य फोहोर र फोहोरमैला नभएपछि नगरको वातावरण सफा र स्वच्छ भएको छ। महिला र किशोरीहरुले महिनावारी सरसफाइको सेवा र सुविधा पाएका छन् जसले गर्दा उनीहरु महिनावारीबाट हुन सक्ने संक्रमण र समस्याबाट मुक्त छन्। सबै नागरिकले साबुन पानीले हात धुने र शौचालयको प्रयोग गर्ने गर्छन् र नगरवासीहरुमा रोगहरु लाग्ने जस्ता समस्याहरु कम भएर गएका छन्। यस उपलब्धिले नगरपालिका भित्र रहेका स्वास्थ्य संस्था, विद्यालयका साथै नगरपालिकालाई प्रदेश र संघीय तहमा नमुनाका रुपमा चिन्न थालिएको छ।

**तालिका १६: रचनात्मक ढांचा**

| कसरी गर्ने? | क्रियाकलापहरु | सामग्री | कार्यान्वयन स्थल वा स्थान |
|---|---|---|---|
| **उत्प्रेरणा:** समुदायका व्यक्तिहरूलाई साबुन पानीले हात धुन, शौचालय प्रयोग गर्न र मानवजन्य मलमूत्र व्यवस्थापन र फोहोरमैला व्यवस्थापनमा उचित व्यवहार अपनाउन प्रोत्साहित गर्ने । | • नगरपालिकाका निर्वाचित तथा अन्य पदाधिकारीहरुका लागि नियमित बैठक, सभा, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम । | • नियमित नगरपालिका बैठक, सभा, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रमको लागि आवश्यक कार्यसूची, कार्यक्रम निर्देशिका आदि । | • नगरपालिकाको कार्यालय । |
| | • घरदैलो कार्यक्रम, समूह छलफल, संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रम तथा रेडियो, टेलिभिजन कार्यक्रम निर्माण र प्रसारण एवं व्यवहार परिवर्तनका सामग्रीको विकास र वितरण । | • घरदैलो कार्यक्रमको लागि आवश्यक संचार सामग्री (प्राविधिक सन्देश र सूचना राखिएको फ्लिपचार्ट र पर्चा) साथै रेडियो, तथा टेलिभिजन कार्यक्रम । | • समुदाय र घरधुरी । |
| | • समुदायका प्रेरक व्यक्तित्वहरु, धार्मिक गुरु तथा वास समितिहरुका लागि अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम । | • तालिम निर्देशिका र सामग्रीहरु । | • नगरपालिकाको कार्यालय वा अन्य सार्वजनिक तालिम भवन । |
| | • समुदायका प्रेरक व्यक्तित्वहरु, धार्मिक गुरु तथा वास समितिहरु परिचालन गरी निर्दिष्ट स्थानहरुमा प्रवर्द्धन कार्यक्रम । | • फ्लिपचार्ट, पर्चा आदि । | • सार्वजनिक स्थल, धार्मिक स्थल र घरधुरीहरु । |
| | • संचारकर्मी तथा संचार माध्यमलाई अभिमुखी कार्यक्रम र परिचालन । | • अभिमुखीकरण निर्देशिका र सामग्रीहरु । | • नगरपालिकाको कार्यालय |

| कसरी गर्ने? | क्रियाकलापहरु | सामग्री | कार्यान्वयन स्थल वा स्थान |
|---|---|---|---|
| | • सरसफाइ, स्वच्छता र मानवजन्य मलमूत्र व्यवस्थापन सम्बन्धि अन्तरव्यक्ति व्यवहार परिवर्तन संचारका लागि घरदैलो कार्यक्रम संचालन । | • फ्लिपचार्ट, पर्चा, भिडियो तथा अन्य श्रव्य दृश्य सामग्रीहरु सहितको निर्देशिका । | • घरधुरी वा सार्वजनिक स्थल । |
| | • मैथिली, उर्दु र नेपाली भाषामा सरसफाइ, स्वच्छता र मानवजन्य मलमूत्र व्यवस्थापन सम्बन्धि कार्यक्रम र विज्ञापन निर्माण तथा प्रसारण । | • रेडियो तथा टेलिभिजन कार्यक्रम र विज्ञापनको लागि आवश्यक सन्देश र कलाकारहरु । | • नगरपालिका । |
| | • स्थानीय क्लब र कलाकारहरु परिचालन गरी नाटक तथा भिडियो प्रदर्शन कार्यक्रम । | • नाटकका लागि स्क्रिप्ट । | • शहर, टोल र समुदायहरु बसोबास गर्ने स्थानहरु । |
| | • फेसबुक, टिकटक र युट्युब जस्ता सामाजिक संजाल मार्फत सन्देश प्रसारण र सहभागिमूलक कार्यक्रम संचालन । | • सरसफाइ र स्वच्छता सम्बन्धि १-२ मिनटको श्रव्य-दृश्य सामग्रीहरु, सन्देश सहितको पोष्टर र पर्चा । | • नगरपालिकाको फेसबुक, युट्युब र नगरपालिकामा बसोबास गर्ने युवाहरुले प्रयोग गर्ने टिकटक र अन्य सामाजिक संजाल । |
| | • धार्मिक स्थलहरुबाट सन्देश र व्यवहार प्रवर्द्धन । | • श्रव्य-दृश्य तथा छापा सामग्रीहरुको साथै लिखित बुँदागत सन्देशहरु । | • नगरपालिका भित्र रहेका सबै धार्मिक स्थलहरु । |
| | • स्थानीय संचारकर्मी तथा संचार माध्यमहरुसँग सहकार्य गरी स्थानीय टेलिभिजन, रेडियो र पत्रपत्रिकाबाट प्रचार प्रसार गर्ने । | • संचारकर्मीहरुको लागि संक्षिप्त प्रेस विज्ञप्तिका साथै प्रचार प्रसारको लागि श्रव्य-दृश्य सामग्रीहरु । | • नगरपालिका सबै संचार माध्यमहरु । |
| | • प्रत्येक वडामा समुदाय, विद्यालय र स्वास्थ्य संस्थाहरुमा संचालित कार्यक्रमहरु निर्देशिका अनुसार भए नभएको अनुगमन गर्न वडा अध्यक्ष सम्मिलित सरोकारवालाहरुको समिति गठन गर्ने र नियमित अनुगमन गर्ने । | • प्रक्रियागत तथा व्यवहार अनुगमन फारम । | • समुदाय, स्वास्थ्य संस्था, विद्यालय र घरधुरी । |

# ५. कार्यान्वयन योजना

समग्र कार्यान्वयनलाई विभिन्न चरणहरूमा विभाजन गरिनेछ। प्रत्येक चरणको कार्यान्वयन तालिका १७ मा उल्लेखित योजना अनुसार हुनेछ।

| | | |
|---|---|---|
| पहिलो चरण | : | आवश्यकता मुल्याङ्कन, मुख्य विषयवस्तु र सामाजिक संजाल अभिरुचीको अवस्था विश्लेषण। |
| दोस्रो चरण | : | मुख्य अवधारणा, रचनात्मक योजना र अभियानको विधी। |
| तेस्रो चरण | : | सामाजिक संजालबाट प्रचार प्रसार गरिने स्रोतहरूको योजना, विकास र उत्पादन। |
| चौथो चरण | : | आगामी चार वर्षको कार्यक्रमका लागि अभियानका स्रोत र सामग्रीहरूको पुनः प्रयोग तथा सुधार गर्न योजना बनाई प्रतिवेदन तयार गर्ने। |

**तालिका १७: कार्यान्वयन योजना**

| रणनीतिक खाका | रणनीतिक क्षेत्र | गतिविधीहरू | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|---|---|
| **आम समुदाय** | स्थानीय सरकारको भूमिका, दायित्व र जवाफदेहिता | संचार माध्यम, सूचना तथा जानकारी सम्प्रेषण गर्ने तालिका सहित संचार योजना बनाउने। | | | | | |
| | | अभियानका लागि लोगो, सामग्री र सन्देशहरूको विकास गर्ने। | | | | | |
| | | प्रत्येक नगरपालिकामा पहिचान भएका च्याम्पियनहरूलाई जनसमुदायमा चिनाउन कार्यक्रम आयोजना गर्ने र प्रत्येक नगरपालिकाद्वारा विद्यालय, स्वास्थ्य संस्था र वडाहरूमा पहिचान भएका वा चुनिएका च्याम्पियनहरूको लागि अभिमुखीकरण सञ्चालन गर्ने। | | | | | |
| | | सुखी, स्वस्थ शहर प्रतिबद्धता दिवसको समय पहिचान गर्ने। | | | | | |

| रणनीतिक खाका | रणनीतिक क्षेत्र | गतिविधीहरू | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|---|---|
| | | च्याम्पियनहरू चयन गर्न मापदण्डको विकास गर्ने र त्यसलाई अन्तिम रूप दिने । उदाहरणका लागि: तोकिएको व्यवहारहरू अपनाउने घरधुरी, विद्यालय वा स्वास्थ्य संस्थाहरू वा घरपरिवारका सदस्य, विद्यालयका विद्यार्थी, शिक्षक-शिक्षिका तथा अन्य कर्मचारी र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी । | | | | | |
| | | नगरवासीहरूलाई सरसफाइ र स्वच्छताका पाँचवटा व्यवहारहरू अपनाउनको लागि सक्षम बनाउन नगरपालिकाका एक वरिष्ठ प्रतिनिधिले गरेको प्रतिबद्धताको साथ "सुखी, स्वस्थ शहर" अभियानको सुरुवात गर्ने । | | | | | |
| | | नगरपालिका र घरधुरी बीच संवाद सुरु गर्न नगरपालिका घरदैलो (भेटघाट) अभियानको सुरुवात गर्ने । यस अभियानका लागि दिशानिर्देश तथा कार्यक्रमहरुको विकास गर्ने । | | | | | |
| | | त्रैमासिक रुपमा "सुखी, स्वस्थ शहर" सप्ताह मनाउने । | | | | | |
| | | विद्यालय, स्वास्थ्य संस्था र घरपरिवारमा च्याम्पियनहरूद्वारा आयोजित विश्व हात धुने दिवस, सरसफाइ सप्ताह, पानी दिवसलाई उत्सवको रूपमा मनाउने । | | | | | |
| **सामाजिक नियम र व्यवहार परिवर्तन** | उचित ठहरिएका व्यवहारहरूको दिगोपना | उपयुक्त भाषा, संचार माध्यमको पहुँच, संस्कृति र अध्ययनका निष्कर्षका आधारमा सामाजिक र व्यवहार परिवर्तन संचार सामग्रीहरूको योजना विकास गर्ने, र तदनुसार प्रयोग गर्ने । | | | | | |
| | | छोटो भिडियो चलचित्रहरू मार्फत वास सम्बन्धि दिगो विकासका लक्ष्यका पक्षहरूलाई जोड दिने । ३ देखि ४ मिनेट को एनिमेटेड भिडियो चलचित्रमा अनुसन्धानबाट पत्ता लगाईएका निष्कर्षहरूको सारांशलाई समावेश गर्ने । | | | | | |
| | | व्यापक प्रचार प्रसारको लागि अनलाइन माध्यमहरूमा पढ्न सकिने सरसफाइ र स्वच्छताका ५ वटा व्यवहारहरू वर्णन गरिएको एउटा पुस्तिकाको निर्माण गर्ने र यसको लिङ्क इन्टरनेटमा राख्ने । | | | | | |

| रणनीतिक खाका | रणनीतिक क्षेत्र | गतिविधीहरू | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|---|---|
| | | विद्यालय, स्वास्थ्य संस्था र घरधुरीका लागि एक #सुखी, स्वस्थ्य शहरसँग सम्बन्धित योजनाको निर्माण गर्ने र प्रसार गर्ने । | | | | | |
| | | अभियानका सन्देशहरु दिनको लागि टर्च लाईट, पेन ड्राइभ, हातमा लगाउने ब्यान्ड, मोबाइल कभर आदि जस्ता सामग्रीहरू बनाउने र नि:शुल्क रुपमा वितरण गर्ने । | | | | | |
| | | कम्तीमा ८ वटा विद्यालयहरूमा सरसफाइ र स्वच्छताका ५ वटा व्यवहार सम्बन्धी भित्ते लेखन, चित्रकला र नारा प्रतियोगिताको आयोजना गर्ने । | | | | | |
| | | नगरपालिकाका कम्तीमा ८ वटा विद्यालयहरूमा सरसफाइ र स्वच्छताका ५ वटा व्यवहारहरू सम्बन्धी प्रतियोगिता आयोजना गर्ने । प्रतियोगिता हुँदैछ भनेर जानकारी दिन प्रतियोगिता हुने केही दिन अगाडि पोस्टर बनाउने वा जानकारी गराउने । | | | | | |
| | | नगरपालिकामा सरसफाइ र स्वच्छताका ५ वटा व्यवहार प्रवर्द्धधन गर्न १५ वटा सडक नाटकहरू आयोजना गर्ने । | | | | | |
| | | विद्यालयमा वास सम्बन्धि चलचित्र देखाउने र कथा लेखन प्रतियोगिता संचालन गर्ने । विद्यार्थीहरूले कथा लेखेको १० दिनपछि सम्बन्धित विद्यालयले विजेताहरूलाई पुरस्कृत गर्ने । | | | | | |
| | | राम्रो व्यवहार अपनाए बापत हुने फाइदाहरूकोबारे च्याम्पियनहरूले बताएका कथन तथा भिडियोहरू YouTube मा अपलोड गर्ने । | | | | | |
| | | समुदायमा घरपरिवारद्वारा टोलको सरसफाइ कार्यक्रम गर्ने । | | | | | |
| | | व्हाट्सएप, भाइबर, टिकटक र इन्स्टाग्राम जस्ता सामाजिक संजालका माध्यममा सुखी, स्वस्थ्य शहर प्रतिवद्ध समूह बनाउने र संचालन गर्ने । नियमित रूपमा सामाजिक संजाल प्रतियोगिता आयोजना गर्ने । *(पहिलो ३ महिनाको लागि प्रत्येक हप्ता)* | | | | | |
| | | सामाजिक संजालमा आधारित भिडियो र फोटो प्रतियोगिताका विजेताहरूको घोषणा गर्ने र सम्बन्धितलाई सम्मान गर्ने । | | | | | |

| रणनीतिक खाका | रणनीतिक क्षेत्र | गतिविधीहरू | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|---|---|
| | | निजी क्षेत्रका साझेदारहरू सहित वास सरोकारवालाहरू बीच अनलाइन संवाद, छलफलका कार्यक्रमहरू र गतिविधिहरू संचालन गर्ने । | | | | | |
| | | स्वास्थ्य संस्था मार्फत स्वास्थ्य सेवा लिन आएका सबै सेवाग्राही, आमा समूहको बैठक, खोप केन्द्रहरुमा **#सुखी, स्वस्थ्य शहर**का लागि उचित व्यवहारहरू प्रवर्द्धन गर्ने । | | | | | |
| | | मानिसहरूलाई एकै साथ एकै समयमा मोवाइलमा एसएमएस पठाउने । | | | | | |
| **सेवा वितरण संयन्त्र** | व्यवहारको अनुगमन र पुनाराबृत्ती | नगरपालिका, घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरूबाट च्याम्पियनहरूको पहिचान गर्ने । | | | | | |
| | | घरधुरीहरूको नियमित अनुगमनमा सहजीकरण गर्न सबै वडा, टोल, वास समिति र महिला वडा सदस्यहरू बीच नियमित सामुदायिक अन्तरक्रिया र बैठकहरू आयोजना गर्ने । वास सम्बन्धी असल अभ्यासहरू अवलम्बन गरेको सुनिश्चित गर्न यस्तो जमघटमा महिला र किशोरीहरूको समावेशी भूमिका सुनिश्चित गर्ने । सामुदायिक भेलाहरूमा च्याम्पियनहरूको कथाहरू प्रदर्शन गर्ने । | | | | | |
| | | स्वास्थ्य संस्थाहरूले #सुखी, स्वस्थ्य शहर सम्बन्धी विशेष सत्रहरू संचालन गर्ने र महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकहरूको बैठकमा वास प्रवर्द्धन गर्न उनीहरूले गरेका गतिविधिहरूको विवरण नियमित रुपमा जानकारी लिने । | | | | | |
| | | त्रैमासिक रुपमा नगरपालिकाहरू बीच सिकाई आदानप्रदान कार्यक्रमहरू संचालन गर्ने । | | | | | |
| | | त्रैमासिक रुपमा #सुखी, स्वस्थ्य शहर सप्ताह मनाउने । | | | | | |
| | | सरसफाइ कर्मचारीहरूलाई उनीहरूको योगदान र सक्रिय संलग्नतालाई सम्मान गर्न वार्षिक रुपमा पुरस्कार वितरण कार्यक्रमको आयोजना गर्ने । | | | | | |
| | | खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी व्यवहार सुधार गर्न आवश्यक पर्ने स्रोतहरूको उपयोग, योजनाहरूको विकास तथा कार्यान्वयन गर्न नगरपालिका, वडा र समुदायहरूसँग स्थानीय स्तरको आवधिक योजना | | | | | |

| रणनीतिक खाका | रणनीतिक क्षेत्र | गतिविधीहरू | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|---|---|
| | | बैठकहरू संचालन गर्ने । साथै यस्ता बैठकहरूमा सेवाहरूको एकरूपता सुनिश्चित र अनुगमन गर्ने बारे छलफल गर्ने । | | | | | |
| | | वास सम्बन्धी कार्यक्रमहरूको योजना तथा बजेट तर्जुमा र कार्यान्वयन भएको सुनिश्चित गर्न बैठकहरू संचालन गर्ने । | | | | | |
| | | **अनुगमन र फलोअप**<br>• नगरपालिका, वडा जनप्रतिनीधि र समुदायका प्रभावशाली व्यक्तिहरुले घरधुरी, विद्यालय र स्वास्थ्य संस्थाहरूमा वासको पूर्वाधारहरु लैङ्गिकमैत्री र मानिसहरुले निरन्तर रुपमा स्वच्छ व्यवहार अपनाइरहेका छन् कि छैनन् भनी बभुन नियमित रुपमा अनुगमन गर्ने ।<br>• घरधुरी, विद्यालय, स्वास्थ्य संस्था र समुदायहरूको स्थिती तथा जीवनशैली परिवर्तन र सुस्वास्थ्यको सुनिश्चित गर्न स्थानीय सरकार संवेदनशील छ भन्ने विश्वास दिलाउने । | | | | | |
| **वास क्षेत्रमा असमानता** | क्षमता विकास | महिनावारी सरसफाइ व्यवस्थापन लगायत मुख्य व्यवहारका बारेमा कक्षा संचालनको लागि शिक्षकहरूका लागि कक्षा सत्रको विकास गर्ने । | | | | | |
| | | च्याम्पियनहरूका संचार सीप बढाउन कार्यक्रमहरू संचालनका साथै घरदैलो कार्यक्रम, शहर सरसफाइ र समुदायहरूसँग अन्तरक्रिया गर्नको लागि उनीहरुलाई आवश्यक सीप सिकाउने । | | | | | |
| | | आफ्नो भूमिका र जिम्मेवारीहरूका बारेमा राम्रो जानकारी राखी चुनौति र अवरोधहरूलाई सम्बोधन गर्न सक्षम बनाउन निर्वाचित महिला प्रतिनिधीहरुलाई तालिम र अभिमुखीकरण संचालन गर्ने । यस्ता तालिम र अभिमुखीकरण संचालन गरी उनीहरूलाई “घरदैलो” र “शहर सरसफाइ” कार्यक्रमको नेतृत्व लिन सक्षम बनाउने । | | | | | |
| | | **#जीवनशैली तथा वासका व्यवहार प्रवर्द्धन**का लागि स्वास्थ्य संस्था तथा सेवा प्रदायकहरूको मूख्य व्यक्तिहरूलाई अभिमुखीकरण संचालन गर्ने । | | | | | |

# ६. गुणस्तर र कार्यान्वयन योजनाको अनुगमन

## ६.१ अनुगमन

खडक नगरपालिका टोलीले अभियानका सामग्रीको डिजाइन र उत्पादनका लागि मुख्य सामग्री, सन्देश, रचनात्मक प्रकृयाका विधिहरू पहिचान गर्न र अन्तिम स्वरूप दिन SNV र अन्य सरोकारवालाहरूसँग मिलेर काम गर्नेछ । यस अभियानको सम्पूर्ण क्रियाकलाप यस रणनीति अनुसार भएको सुनिश्चित गर्न नगरपालिकाले नजिकबाट अनुगमन गर्नेछ । WASH SDG का प्राविधिक टोलीले खडक नगरपालिकाको टोलीलाई नियमित रूपमा नजिकबाट अनुगमन र निर्देशन दिन सहयोग गर्नेछ ।

मेयर/उप-मेयर वा प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा ३ देखि ५ सदस्यीय अनुगमन टोली गठन गरिनेछ । अनुगमन टोलीमा वडा, विद्यालय, स्वास्थ्य संस्था, निजी क्षेत्र, नागरिक समाज संगठन, युवा तथा महिला समूहका प्रतिनिधिहरु रहनेछन् । जसले संचार कृयाकलापको निर्माण, नमुना विकास, परीक्षण, परिचालन प्रक्रिया र यसको प्रभावकारिताको अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

## ६.२ मूल्याङ्कन र पुनः योजना

नगरपालिकाले समग्र अभियानको मूल्याङ्कन अभियानको अन्त्यमा गर्नेछ । यस मूल्याङ्कनको नतिजाले यस अभियानलाई अझ बलियो बनाउँनेछ । मूल्याङ्कनको निष्कर्शको आधारमा भविष्यमा सामाजिक व्यवहार परिवर्तन संचार रणनीति र सम्बन्धित अभियानहरू विकास गरिनेछ ।

तालिका १८ः व्यवहार अनुगमन खाका

| संचार उद्देश्यहरू | विशिष्ठ व्यवहारहरु | औजारहरू |
|---|---|---|
| शहरमा सरसफाइ, स्वच्छता र फोहोरमैला व्यवस्थापन सेवाहरूको व्यवस्थापन, मर्मत, अनुगमन, मूल्याङ्कन र नियमनमा स्थानीय सरकारको सक्रिय संलग्नता बढाउने । | स्थानीय निकाय/प्रेरणाको श्रोतः<br>• घरधुरी, विद्यालय, स्वास्थ्य संस्था, घरपरिवार र स्थानीय नगरवासीहरूमा सुखी, स्वस्थ शहर सम्बन्धी व्यवहारहरूलाई निरन्तरता दिने प्रावधानहरूलाई संस्थागत गर्ने ।<br>• शहरमा सरसफाइ, स्वच्छता, फोहोरमैला व्यवस्थापन, मानवजन्य मलमूत्र व्यवस्थापन सेवाहरूको व्यवस्थापन, मर्मत, अनुगमन, मूल्याङ्कन र निरन्तरताको लागि सक्रिय रूपमा संलग्न हुने । | पैदल भ्रमण र सामुदायिक नक्साङ्कन, प्रत्यक्ष अवलोकन, फोटो प्रदर्शनी, अध्ययन, वास्तविक घटनाका कथाहरु, सार्वजनिक घोषणा, स्वास्थ्य संस्था तथा विद्यालयमा सर्वेक्षणहरू । |

| संचार उद्देश्यहरू | विशिष्ठ व्यवहारहरु | औजारहरू |
|---|---|---|
| | • दलित तथा जातीय समूह, न्यून आय भएका समुदाय, अपाङ्गता भएका व्यक्ति र उनीहरूका हेरचाहकर्ताहरूका सहभागिता र संलग्नता सुनिश्चित गर्न उपायहरूको विकास र कार्यान्वयन गर्ने । | |
| सरसफाइ, स्वच्छता र फोहोरमैला व्यवस्थापनमा नगरबासीहरूको व्यवहारमा सुधार ल्याउन तथा सुनिश्चित गर्न नगरपालिकाले संस्थागत सहयोग बढाउने । | • प्रयोगकर्ताहरूले गुणस्तरीय ठह्याएका सरसफाइ, स्वच्छता, फोहोरमैला व्यवस्थापन, मानवजन्य मलमूत्रीय व्यवस्थापनका सेवाहरू संचालन र उपलब्ध गराउने ।<br>• वासको बारेमा जानकारीहरू प्राप्त गर्नको लागि नियमित रुपमा सामाजिक संजालमा तथा अन्तरव्यक्ति छलफलमा भाग लिने । | वास्तविक घटनाका कथाहरु, तस्विर, सरसफाइ र स्वच्छताका ५ वटा व्यवहारहरुको गतिविधि, विद्यालय र स्वास्थ्य संस्थाहरूमा उपलब्ध सुविधाहरूको प्रत्यक्ष अवलोकन । |
| सरसफाइ, स्वच्छता र फोहोरमैला व्यवस्थापन सम्बन्धित व्यवहार र अभ्यासहरूको निर्माण र दिगो बनाउन घरधुरी, विद्यालय, स्वास्थ्य संस्थाहरूको सहभागिता र संलग्नता बढाउने । | • वासको बारेमा जानकारीहरू प्राप्त गर्नको लागि नियमित रुपमा सामाजिक संजालमा तथा अन्तरव्यक्ति छलफलमा भाग लिने ।<br>• घरधुरीमा उचित सरसफाइको प्रबन्ध र दिगोपना सुनिश्चित गर्ने । *(सबैका लागि शौचालयमा पहुँच र यसको स्वच्छ प्रयोग)*<br>• महिनावारी स्वच्छता सहित उचित सरसफाइको व्यवस्थापन र दिगोपना । *(घर, विद्यालय र स्वास्थ्य संस्थामा जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने र महिनावारी स्वच्छता व्यवस्थापन) ।*<br>• घरमा नै उचित फोहोरमैला व्यवस्थापन *(भण्डारण, ढुवानी र फोहोरमैलाको विसर्जन)* | मैखिक रुपमा व्यक्त गरिएका विगतका घटनाहरू वा अनुभवहरू, सामाजिक संजालको नक्सांकन, सरसफाइ र स्वच्छताका ५ वटा व्यवहारहरुको गतिविधि, तस्विरको प्रयोग र घरधुरीको प्रत्यक्ष अवलोकन । |

| संचार उद्देश्यहरू | विशिष्ठ व्यवहारहरु | औजारहरू |
| --- | --- | --- |
| | • महिला र युवा समूह, दलित तथा जातीय समूह, न्यून आय भएका समुदाय, अपाङ्गता भएका व्यक्ति र उनीहरूका हेरचाहकर्ताहरूको सहभागिता बढाउन आवश्यक पर्ने सामाजिक सहयोग प्रणाली सृजना गर्न सामुदायिक समूहहरू वा संजालहरूमा सामेल हुने । | |

**तालिका १९: संचारको कार्यान्वयन र नियमित कार्यक्रमका लागि व्यवहार अनुगमन तालिका**

| औजारहरू | विवरणहरू | घरधुरी | समुदाय | विद्यालय | स्वास्थ्य संस्था | नपा/ वडा |
| --- | --- | --- | --- | --- | --- | --- |
| **पैदल भ्रमण तथा समुदायको नक्साङ्कन** | पैदल भ्रमण तथा समुदायको नक्साङ्कन भनेको समस्याको पहिचान गर्न र छलफल सुरु गर्न प्रयोग गर्ने औजारहरू हुन् । अवलोकन तथा भ्रमणले समुदायमा प्राकृतिक स्रोत, सम्पत्ति, संसाधनको उपलब्धतामा पहुँच र सामाजिक प्रभाव बुझ्न सहयोग गर्दछ । | | √ | | | √ |
| **समुदायले प्रयोग गर्ने शब्द तथा राखेको अवधारणाहरूको सूची** | समुदायका मानिसहरूले प्रयोग गर्ने शब्द तथा विश्वास गर्ने अवधारणाहरूबारे परिचित हुन यी सरल विधिहरू प्रयोग गरिन्छ । यी विधिहरूको प्रयोगले समुदायले सकारात्मक व्यवहार, समावेशीकरण, सहभागिता र सशक्तिकरणलाई कसरी बुझेका छन् र यस्ता अवधारणाहरूलाई कस्ता शब्दहरू प्रयोग गऱ्यो भने उनीहरुले बुझ्छन् भन्ने जानकारी दिईन्छ । | √ | √ | √ | | |
| **सामाजिक संजालको नक्साङ्कन** | सामाजिक संजालको नक्साङ्कन गरेर सामाजिक संजालको प्रयोगकर्ताहरु कसरी जोडिएका | | | | | |

| औजारहरू | विवरणहरू | घरधुरी | समुदाय | विद्यालय | स्वास्थ्य संस्था | नपा/ वडा |
|---|---|---|---|---|---|---|
| | छन् र संजाल मार्फत जानकारी कसरी प्रवाह भईरहेको छ भनेर पत्ता लगाउन सकिन्छ । यस नक्साङ्कनबाट सामाजिक संजालमा कस्ले केको बारेमा कुराकानी गरिरहेको छ भन्ने पनि पत्ता लगाउन सकिन्छ । महिला, पुरुष, केटा, केटी र समुदायले यस नक्साङ्कनको प्रयोग गरी उनीहरुले महिनावारी, लैङ्गिक भेदभाव, हानिकारक सामाजिक मान्यताहरू आदि विषयमा कोसँग कुराकानी गर्छन् भन्ने कुराको नक्साङ्कन गर्न सक्छन् । | | √ | √ | | |
| **अन्तर्वार्ता** | यो मानिसको जीवन बुझ्नको लागि प्रयोग गर्ने अन्तर्वार्ताको एउटा विधी हो । यस प्रकारको अन्तर्वार्तामा विगतका घटनाहरू वा अनुभवहरूको बारेमा गहन कुराकानी हुन्छ । यस प्रकारको अन्तर्वार्ताको विधी लैङ्गिक भूमिकासँग सम्बन्धित अनुभवहरू तथा अन्तर्वार्ता दिने व्यक्तिको जीवनमा परिवर्तन ल्याउने घटनाका बारेमा जान्नका लागि प्रयोग गरिन्छ । जस्तै: विद्यालयका विद्यार्थी तथा निर्वाचित महिला जनप्रतिनिधिहरूको सशक्तिकरण । | √ | √ | √ | | √ |
| **प्रत्यक्ष अवलोकन** | प्रत्यक्ष अवलोकन गरेर समुदायका मानिसहरू के गर्दैछन् र वरपर के कस्तो देखिन्छ भनेर थाहा पाउन सकिन्छ । उपलव्ध | √ | | √ | √ | |

| औजारहरू | विवरणहरू | घरधुरी | समुदाय | विद्यालय | स्वास्थ्य संस्था | नपा/ वडा |
|---|---|---|---|---|---|---|
| | अभिलेखहरूमा नभएका तथ्याकंहरूको अभिलेखिकरण गर्न र घरपरिवार, विद्यालय, स्वास्थ्य संस्थाहरूबाट गरिएका प्रतिवेदनहरुलाई प्रमाणित गर्न प्रत्यक्ष रुपमा अवलोकन गर्नु महत्त्वपूर्ण हुन्छ । | | | | | |
| **सर्वेक्षण** | सर्वेक्षण संचालन गरेर स्वास्थ्य संस्था तथा विद्यालयहरूको सेवा तथा सुविधाको गुणस्तर मापन गर्न सकिन्छ । यस्ता सर्वेक्षण तीन चरणका हुन्छन्: १) विद्यालय र स्वास्थ्य संस्थाहरूको अभिलेखबाट तथ्याङ्क सङ्कलन गर्ने; २) विद्यार्थी, शिक्षक र स्वास्थ्यकर्मीहरूको अन्तर्वार्ता लिने; र ३) सेवा तथा सुविधाको बारेमा प्रयोगकर्ताको अनुभवकाबारेमा जानकारी लिने । | | | √ | √ | |
| **फोटो प्रतियोगिता** | स्थानीय निकाय, महिला प्रतिनिधि, शिक्षक र घरपरिवारका सदस्यहरूले वास सम्बन्धि उचित व्यवहार अपनाएको तथा सामाजिक कार्यहरूमा संलग्न भएको फोटो खिच्न समुदायलाई प्रोत्साहित गरिनेछ । यो अभियानका कथाहरू सामाजिक संजाल र नगरपालिकाको वेबसाइटमा राखिनेछ । | √ | √ | √ | √ | √ |
| **कथा सङ्कलन** | यस प्रकारका कथाहरूले समुदायका मानिसहरू कसरी सुखी, स्वस्थ्य शहर अभियानमा संलग्न थिए भनेर वर्णन गर्नेछन् । यसले समुदायका | √ | √ | √ | | √ |

| औजारहरू | विवरणहरू | घरधुरी | समुदाय | विद्यालय | स्वास्थ्य संस्था | नपा/ वडा |
|---|---|---|---|---|---|---|
| | मानिसहरूको जीवनमा देखेको महत्त्वपूर्ण प्रभावलाई वर्णन गर्न मद्दत गर्नेछ । | | | | | |
| **केस स्टडी (मामला अध्ययन)** | यी अध्ययनहरूले विभिन्न व्यक्तिहरू र नगरपालिकामा भएका सकारात्मक र नकारात्मक परिवर्तनहरू जस्तै: साबुन पानीले राम्ररी हात धुने, महिनावारीको सुरक्षित रूपमा व्यवस्थापन, फोहोरमैलाको उचित व्यवस्थापन र मानवजन्य मलमूत्र व्यवस्थापन जस्ता उदाहरणहरू प्रदान गर्नेछ । | | √ | | | √ |

खडक नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी, मधेश प्रदेश

**खडक नगरपालिका**
खडक, कल्याणपुर, सप्तरी
टेलिफोनः ९७७-३१-५४००५३
इमेलः ito.khadakmun@gmail.com

**एस.एन.भी नेपाल**
बाङ्देल मार्ग
सानेपा हाइट, ललितपुर
टेलिफोनः ९७७-१-५५२३४४

**मित्र समाज**
कपनमार्ग, महाराजगञ्ज, काठमाडौं, नेपाल
टेलिफोनः ९७७-१-४३७०१५१
इमेलः info@mitrasamaj.org